## विशेष इजलास

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. २०६७-WS-०००७, उत्प्रेषणयुक्त परमादेश, *मीरा ढुङ्गाना समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

भीसा दस्तूर विदेशी नागरिकहरूबाट असूलउपर गरिने दस्तूर हो, त्यसैले यस विषयमा विदेशी नागरिकलाई समेत नेपाली नागरिक सरहको समान व्यवहारको अपेक्षा गर्न मिल्ने हुँदैन । विश्वका हरेक मुलुकले आफ्नो देशमा प्रवेश गर्ने विदेशी नागरिकहरूबाट तोकिएको दस्तूर लिने गर्दछन्, यो विश्वव्यापी मान्यता नै हो । प्रत्येक देशले आफ्नो राष्ट्रिय कानूनद्वारा त्यसको व्यवस्थापन गर्ने हुँदा त्यसलाई अन्यथा भन्न नसकिने ।

विदेशी नागरिकले कुन प्रयोजनका लागि नेपाल प्रवेश गर्न खोजेको हो, सो प्रयोजन समेतलाई विचार गरी भीसा दस्तूर निर्धारण गरिने हुँदा त्यसमा गरिएको फरक व्यवहारलाई समानताको हकसँग जोडेर हेर्न मिल्ने हुँदैन । समानताको हकले कहिल्यै पनि निरपेक्ष समानताको वकालत गर्दैन । त्यसैले फरक अवस्थाका व्यक्तिहरू बीच समान व्यवहार हुनुपर्ने भनी लिइने जिकीर आफैंमा ग्राह्य हुन नसक्ने ।

भीसा दस्तूर निर्धारण गर्ने विषय सरकारको नीतिगत निर्णयमा निर्भर रहने विषय हो । त्यस्तो नीतिगत विषयमा अदालतले सामान्यतः हस्तक्षेप नगर्ने ।

साविकदेखि नै नेपाली पुरुष नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशी महिलालाई भीसा दस्तूरमा केही सहुलियत प्रदान गर्ने गरिएको यथार्थलाई दृष्टिगत गर्दा त्यस्ता व्यक्तिहरूको नेपाल बसाई आर्थिक हिसाबले कठोर नबनोस् र विदेशीसँग वैवाहिक सम्बन्ध कायम रहेको कुनै पनि नेपाली पुरुष नागरिक आफ्नो दाम्पत्य जीवन र पारस्परिक सामीप्यताको अवसरबाट बञ्चित हुनु नपरोस् भन्ने दृष्टिकोण राखिएको प्रतीत हुन्छ । परिवारसम्बन्धी हकलाई नेपाल पक्ष रहेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICCPR) र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICESCR) ले समेत मान्यता दिएको परिप्रेक्ष्यमा त्यस्तो दृष्टिकोणको सान्दर्भिकता रहेकै देखिन्छ । तर अस्तित्वमा नै नरहेको विदेशीसम्बन्धी नियमावलीको व्यवस्थालाई आधार बनाएर हाल कायम रहेको अध्यागमन नियमावलीको व्यवस्था असमान रहेको भनी मान्न र सम्झन नमिल्ने ।

विदेशीसँग विवाह बन्धनमा बाँधिएका कुनै पनि नेपाली नागरिक आफ्नो दम्पत्ति (Spouse) ले बुझाउनु पर्ने भीसा दस्तूरको कारणले मात्र निरूत्साहित हुनुपर्ने वा आफ्नो परिवारसम्बन्धी हकबाट विमूख हुनपर्ने अवस्था नबनोस् भन्ने मान्यता राखिनु अस्वाभाविक होइन । तर, अध्यागमन नियमावली, २०५१ मा गरिएको भीसा दस्तूरसम्बन्धी व्यवस्थाको समग्र अध्ययन गर्दा कुनै व्यक्ति वा समूह विशेषका लागि विभेद गरिएको भन्ने अवस्था नदेखिएको, कानूनले विभिन्न किसिमका भीसाको परिकल्पना गरी भीसाको किसिमबमोजिम भीसा दस्तूर निर्धारण गरिएको र नेपाली पुरुष वा महिलासँग विदेशीको विवाह भएको अवस्थामा पारिवारिक सम्बन्ध सुचारू राख्न परिवारमैत्री दृष्टिकोणले आवश्यक कानूनी वा नीतिगत व्यवस्था गर्ने विधायिकी वा कार्यपालिकीय अधिकारक्षेत्रभित्रको विषय भएकोले प्रस्तुत रिट निवेदनको रोहमा त्यसको औचित्यभित्र प्रवेश गरी यस अदालतबाट हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६८ साल मंसिर २९ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-CF-००११, जबर्जस्ती करणी, *रामहरि लामिछाने वि. नेपाल सरकार*

जाहेरी दरखास्त घटनाको सम्बन्धमा उजूरी वा प्रथम सूचना भएकोले यदि जाहेरी नै नपरे पनि घटनाको बारेमा जानकारी हुन आएमा प्रचलित कानूनी व्यवस्थाबमोजिम प्रहरीले आफैं पनि अनुसन्धान गर्नसक्ने अवस्था रहेकोले केवल जाहेरी तुरून्त नदिएको

भन्ने मात्र आधारमा अपराधको गाम्भीर्यताको न्यून मूल्याङ्कन गर्न नमिल्ने ।

जाहेरी तत्काल दियो दिएन भन्दा पनि अपराध भयो भएन र अपराधमा कसको संलग्नता थियो भन्ने कुरा बढी महत्वपूर्ण हुन्छ । जाहेरी दरखास्त ढिला पर्नाको विभिन्न कारण हुन सक्छन् । देशको भौगोलिक अवस्था, घटनास्थलबाट प्रहरी रहेको स्थानको दूरी र विकटता, समाजको चेतनाको स्तर, सामाजिक परिवेश, यस्तो अपराधबाट पीडितको भावी जीवनमा पर्नसक्ने प्रभाव तथा अभियुक्तको पीडितउपर पर्ने दवाव वा प्रभाव आदि जस्ता कारणले गर्दा जवर्जस्ती करणी जस्तो कसूरका सम्बन्धमा जाहेरी ढिला पर्नसक्ने ।

जवर्जस्ती करणीजस्तो प्रत्यक्ष रूपमा नारी अस्मितासँग जोडिएको गम्भीर विषयमा जाहेरी दरखास्त दर्ता गराउन लागेको समयलाई मात्र निरपेक्ष रूपमा मूल्याङ्कन गरेर कसूरको मात्रा र गम्भीरता घटीबढी हुन सक्तैन । अपराधको घटना जाहेरी दरखास्तबाट मात्र पुष्टि हुने नभै यसको पुष्टि हुनको लागि अन्य तथ्यगत प्रमाणको पनि आवश्यकता पर्दछ । त्यस्तै कसूरदारलाई सजायबाट बच्न तत्काल भागेर जाने क्रममा गाउँ समाजले पक्राउ गरी प्रहरी जिम्मा नलगाएको वा प्रहरीले निजलाई मौकामा पक्राउ गर्न नसकेको भन्ने मात्र कारण पनि कसूर भए नभएको बाट निश्चयमा पुग्ने आधार बन्न नसक्ने ।

प्रतिवादी रामहरिले अनुसन्धानको क्रममा गरेको साविती बयान मेडिकल रिपोर्टको स्वतन्त्र प्रमाणबाट समर्थित हुन आएको देखिन्छ । पीडित व्यक्ति घटना वा अपराधको प्रत्यक्षदर्शी साक्षी पनि भएकोले निजले घटनाको तत्काल पछि व्यक्त गरेको कुरालाई प्रमाणयोग्य मान्नुपर्ने ।

पीडित व्यक्तिले घटनाको तत्कालपछि व्यक्त गरेको कुरालाई अदालतले प्रमाणमा लिनुपर्ने कानूनी व्यवस्था भएबमोजिम पीडितले घटनाको तत्कालपछि आफ्नो आमासमक्ष र प्रहरीसमक्ष समेत व्यक्त गरेको र पछि अदालतमा समेत साक्षीसरह सो कुरा व्यक्त गरेको पाइन्छ । घटनाबाट पीडित नाबालिकाले घटनाको तत्कालपछि पहिले अनुसन्धान अधिकारीसमक्ष र पछि अदालतमा साक्षीसरह व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १०(क) र (ख) बमोजिम अदालतले प्रत्यक्ष प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने ।

विवादरहित र आधारभूत स्वतन्त्र प्रमाणबाट प्रतिवादीको इन्कारी बयान समर्थित हुन नसकेको अवस्थामा प्रमाणबिनाका इन्कारी बयान मात्र प्रतिवादीलाई सफाइ दिने यथेष्ट आधार बन्न नसक्ने ।

जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का तथा पीडितको शारीरिक जाँच गरी दिएको मेडिकल प्रतिवेदन, प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष गरेको साविती बयान, घटनाबाट पीडित व्यक्तिको बयान, मौकामा कागज गर्नेहरूको भनाई समेतबाट यी प्रतिवादीले डर त्रासमा पारी मानिसहरूको सहजै उपस्थिति हुन नसक्ने एकान्तस्थल जंगलमा लगी जवर्जस्ती करणी गरेको तथ्य समर्थित हुन आउँछ । यस अवस्थामा ढिलो जाहेरी परेको भन्दैमा जवर्जस्ती करणीको वारदात स्थापित नहुने भनी भन्न मिल्दैन । यदि यस्तो तर्क गर्ने हो भने शारीरिक रूपमा कमजोर, नाबालिका तथा महिलामाथि हुने यौनजन्य अपराधबाट प्रतिवादीले सहजै उन्मुक्ति पाउन सक्ने सम्भावनाको विकास हुन पुग्दछ । जुन फौजदारी न्यायप्रणालीको लागि नै एउटा प्रमुख चुनौती हुनसक्ने ।

प्रतिवादी रामहरि लामिछानेले वर्ष आठकी नाबालिकालाई जवर्जस्ती करणी गरेको कुरा निजको प्रहरीसमक्ष भएको साविती बयान, मेडिकल प्रतिवेदन तथा घटनाबाट पीडित व्यक्तिले घटनाको तत्कालपछि व्यक्त गरेको निजको कथन र पछि अदालतमा साक्षीसरह निजले गरेको कागज समेतको आधारभूत ठोस प्रमाणबाट स्थापित भएकाले निज प्रतिवादीलाई जवर्जस्ती करणीको १ नं. को कसूरमा सोही महलको ३ नं. को दफा (१) बमोजिम १२ वर्ष कैद हुने र प्रतिवादीबाट पीडितले रू. १,५०,०००।- जवर्जस्ती करणीको महलको १० नं. बमोजिम क्षतिपूर्तिबापत भराई लिन पाउने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
इति संवत् २०६८ साल असार २३ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. २०६६-CI-०९५०, लेनदेन, *देवमणि देवकोटा वि.अनोदकुमार देवकोटा*

कुनै पनि लिखतको आसय निरोपण गर्नुपर्दा लिखतमा प्रयोग भएका भाषालाई केन्द्रबिन्दुमा राखी मानवीय व्यवहार, मानसिकता र स्वभाविकताको परिप्रेक्ष्यमा न्यायिक विवेचना गर्नुपर्ने हुन्छ। स्वर्गीय बाबु साहू भएको २०४६।३।२४ गतेको कपालीमा परिणत लिखतको आधारमा वादी प्रतिवादीबीच लेनदेन मुद्दा २०५२।२।४ गतेबाट चल्दछ। वादीसँगै २०५२।८।२० गते अर्को तमसुक हुन्छ र भोलिपल्ट अर्थात् २०५२।८।२१ गतेको मिलापत्रमा, "म वादी, मेरा बाबु तेजमणि र प्रतिवादी देवमणि" वीचका सबै कागज निष्क्रिय हुने व्यहोरा अंकित हुन्छ। यस अवस्थामा सो २० गतेको बाहेक वादी प्रतिवादीबीच अर्को लिखत भएको देखिँदैन। तसर्थ वादीसँग गरिएको लिखत पनि सो मिलापत्रले निष्क्रिय गरेको छ। अघिल्लो दिन लेनदेनको कागज गरी भोलिपल्ट मिलापत्र गर्दा सो कागज बाहेकका अन्य कागज मात्र निष्क्रिय भनियो होला भनी मान्न मानवीय व्यवहार र मानसिकताका दृष्टिकोणबाट स्वभाविक पनि देखिँदैन। सो लिखतलाई निष्क्रिय नबनाउने अभिप्राय वादी प्रतिवादीबीच रहेको भए यसलाई प्रष्ट शब्दमा बाँकी नै राखिएको व्यहोरा लेखिन्थ्यो भन्ने अनुमान सहजै गर्न सकिन्छ। मिलापत्र गर्नुको तात्पर्य नै सबै विवादको समाधान गर्नु हो। एउटा विवाद अन्त्य गरी अर्को विवाद यथावत् कायम राखिएको होला भन्ने अर्थ गर्न मानवीय व्यवहार र मानसिकताका दृष्टिकोणबाट स्वभाविक देखिँदैन। मिलापत्रको व्यहोराले पनि यही तर्कलाई पुष्टि गर्दछ। "म वादी" भनी लेखिएपछि मिलापत्र दरखास्तमा कमा (,) राखी सोपछि, "मेरा बाबु तेजमणि" लेखिएबाट भाषाशास्त्रीय दृष्टिकोणबाट समेत वादी र निजका बाबु दुवै पक्षसँग प्रतिवादीका सोअघिका लिखत निष्क्रिय गरिएको अर्थ नै स्वाभाविक र न्यायसम्मत् देखिने।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ साल भदौ १५ गते रोज ५ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** ०६६-CI-१०८४, अंश चलन, *रामप्रसाद यादव समेत वि. तोता अहिरनी समेत*

वादी प्रतिवादीहरू बीच अंशबण्डा भएको विधिवत् लिखत प्रमाण एवं व्यवहार प्रमाणबाट वादी प्रतिवादीहरू छुट्टी भिन्न भएको भन्ने ठोस आधार प्रतिवादीहरूबाट पेश हुन सकेको मिसिलबाट देखिन आएन। ठोस प्रमाणको अभावमा पारिवारिक लगत छुट्टाछुट्टै भरेको आधारमा मात्र वादी प्रतिवादीहरूबीच अंशबण्डा भई यसअघि नै छुट्टी भिन्न भइसकेको भनी अनुमान गर्न मिल्ने अवस्था देखिँदैन। तसर्थ वादीले प्रतिवादीहरूबाट फिराद दावीबमोजिम अंश पाउने।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल
इति संवत् २०६८ साल वैशाख २१ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको फौ.पु.नं. ०६६-CR-००३६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बलबहादुर तामाङ समेत*

प्रतिवादीहरूको मृतकसँग पूर्व रिसइवी नभएको, मृतककै गाली गलौज गर्ने क्रियाकलापबाट तत्काल उठेको रिसका कारण प्रतिवादीहरूले मृतकलाई जथाभावी कुटपीट गरेको र ३२ हात अर्थात् ५ फीट अग्लो चौतारोबाट तल खसाली दिएको देखिन्छ। टाउकाको चोटको कारण मृत्यु भएको भन्ने Autopsy Report, टाउकोमा चोट लागेको देखिने लास प्रकृति मुचुल्का र टाउकोको चोटको कारण नै टाउकोभित्र रगत जम्न गै जमेको रगतले मस्तिस्कलाई अवरोध पुऱ्याई मृतकको मृत्यु भएको हुनसक्ने भन्ने Viseera को Report पश्चात् जिल्ला स्वास्थ्य कार्यालयले दिएको प्रतिवेदन समेतका आधारमा टाउकोको चोटको कारण नै मृतकको मृत्यु हुन गएको भन्ने तथ्य पुष्टि हुन आएको छ। प्रतिवादीहरूले इवी लिई वा मनसायपूर्वक कर्तव्य गरेको नभै प्रतिवादीको गालीगलौजको क्रियाबाट प्रतिवादीहरू आवेशमा आई कुटपीट र चौतारोबाट

खसाल्दा मृतकको ज्यान गएको देखिँदा यी प्रतिवादीहरूले ज्यानसम्बन्धीको १ र १३(३) तथा ज्यानसम्बन्धीको ५ नं.को कसूर नगरी ज्यानसम्बन्धीको १४ नं. अनुसारको आवेशप्रेरित हत्याको कसूर गरेको देखिँदा आवेशप्रेरित हत्यामा प्रतिवादीहरूलाई जनही १० वर्ष कैद हुने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल भदौ १३ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. ०६६-WO-०३९७, उत्प्रेषण परमादेश समेत, *नारायणप्रसाद शाह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

उकास जग्गा निवेदकको नाममा दर्ता नहुने भनी मालपोत कार्यालयले जानकारी वा निर्णय दिएपछि सो निर्णयउपर निवेदक मालपोत ऐन, २०३४ को दफा ३१ अनुसार पुनरावेदन अदालतमा पुनरावेदन गर्न जानुपर्नेमा वैकल्पिक कानूनी मार्ग अवलम्बन नगरी २०४९ सालको मालपोत कार्यालयको निर्णयउपर २०६० सालमा मात्र रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा वैकल्पिक मार्गको अवलम्बन नगरेको तथा अनुचित विलम्ब गरी रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा प्रस्तुत निवेदनमा मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदखिने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल भदौ १५ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रिट नं. ०६७-WO-०११२, उत्प्रेषण परमादेश, *ध्रुव कोइराला वि. ऊर्जा मन्त्रालयका माननीय मन्त्री डा. प्रकाशशरण महत समेत*

विपक्षी अर्जुनकुमार कार्कीको नियुक्ति कम्पनी र कर्मचारी सञ्चय कोषका बीच भएको सम्झौताविपरीत भएको कारण ऊर्जा मन्त्रीबाट सो नियुक्ति बदर भैसकेको र प्रतिष्पर्धाको आधारमा कम्पनीको कार्यकारी प्रमुखसहितको व्यवस्थापन समूह नियुक्ति गर्नुपर्ने शर्तलाई पालन गर्ने क्रममा कर्मचारी सञ्चय कोषसँगको सम्झौताको शर्तमुताबिक कार्यकारी प्रमुखसहितको व्यवस्थापन समूह नियुक्ति गर्ने प्रक्रियाअन्तर्गत कम्पनीले Dec. 22, 2010 मा सूचना प्रकाशित गरी पर्न आएको र योग्य फर्मबाट आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी August 23, 2011 मा सूचना समेत जारी गरिसकेको देखिँदा निवेदक र प्रत्येक नागरिकले चाहेमा सो प्रक्रियामा सहभागी हुन सक्ने अवस्था विद्यमान थियो भन्ने देखिन आयो । पछिल्लो सूचना प्रकाशन र परेको दरखास्तबाट योग्यता पुगेको फर्म चयन गरी आर्थिक प्राविधिक प्रस्ताव माग गरिसकेको देखिँदा निवेदकको हक अधिकारमा आघात पुगेको स्थिति नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल भदौ १५ रोज ४ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रिट नं. ०६७-WO-०१३२, परमादेश, प्रतिषेध समेत, *अर्जुनकुमार कार्की वि. ऊर्जा मन्त्रालयका माननीय मन्त्री डा. प्रकाशशरण महत, मुकाम, ऊर्जा मन्त्रीको निजी सचिवालय*

अपरतामाकोशी हाइड्रोपावर लिमिटेडको स्थापनापछि कम्पनीमा कार्यकारी अध्यक्षको पद सिर्जना गर्ने अवधारणामा निवेदकलाई सो कम्पनीको कार्यकारी अध्यक्षको पदमा नियुक्ति गर्ने भनी मन्त्रीस्तरको निर्णय भएकोमा सो निर्णय कार्यान्वयन भै नसक्दै कम्पनीमा लगानीकर्ताको खोजीको क्रममा अन्य संस्थाका अतिरिक्त कर्मचारी सञ्चय कोषले पनि ऋण लगानी गर्न मञ्जूर गरेको र कम्पनी र मूल लगानीकर्ता कर्मचारी सञ्चय कोषबीच भएको ऋण सम्झौताको शर्तहरूमध्ये एउटा शर्तमा कम्पनीको कार्यकारी प्रमुख (प्रवन्धक) सहितको व्यवस्थापन समूह राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरको प्रतिष्पर्धाबाट आयोजना अवधिभरको लागि नियुक्ति गर्ने भन्ने भएको अवस्थामा स्थिति परिवर्तन भैसकेपछि शर्तबमोजिम निर्णय परिमार्जन गर्नुपर्नेमा सम्झौताको शर्तलाई वास्ता नगरी सचिवबाट निवेदकलाई पूर्व निर्णयको आधारमा गरेको नियुक्तिलाई कानूनसम्मत् मान्न मिलेन । त्यस्तो कानूनसम्मत् नभएको नियुक्तिलाई बदर गर्न ऊर्जा मन्त्रीले लेखेको पत्रलाई पनि अन्यथा

भन्न मिलेन । ऊर्जा सचिवले निवेदक अर्जुनकुमार कार्कीलाई अपर तामाकोशी हाइड्रो पावर लिमिटेडको कार्यकारी अध्यक्षमा गरेको नियुक्तिलाई ऊर्जा मन्त्रीले बदर गरी, हाल सो पदमा कम्पनीको कर्मचारी सञ्चय कोषसँग भएको सम्झौताको शर्तअनुसार कम्पनीको कार्यकारी प्रमुखसहितको व्यवस्थापन समूह नियुक्ति गर्न राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धाको लागि सूचना प्रकाशित भै चयन गर्ने प्रक्रिया अवलम्बन गरिरहेको तथ्य मिसिल संलग्न कागजातबाट देखिँदा निवेदकलाई नै सम्झौताविपरीत सो पदमा कायम राखिरहनु पर्ने अवस्था विद्यमान नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल भदौ १५ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको रिट नं. ०६६-WO-१३१७, उत्प्रेषणयुक्त परमादेश समेत, *विजयबहादुर कार्की समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

विवादित जग्गामा सरकारी सार्वजनिक ऐलानी पर्ति जग्गा घुसेको छ भन्ने विवाद उठेपछि विवादित जग्गामा ऐलानी पर्ति घुसेको छ, छैन, विवादित जग्गा र साँधका जग्गाको समेत नापनक्सा गरी निवेदकको जग्गा के कति हो, के कति बाँकी रहेको छ, निवेदकको जग्गा अन्य कसैले के कति दबाएको छ र निवेदकले के कति जग्गा सरकारी ऐलानी पर्ति घुसाएका छन् वा छैनन् भनी यकीन गरेर घुसेको देखिएमा घुसेको जग्गा मात्र रोक्का राख्नुपर्नेमा सो कुनै नगरी सम्पूर्ण जग्गा रोक्का राखेको र हालसम्म पनि विवादित जग्गा रोक्का नै राखेको देखिन्छ । यस्तो विवादमा ऐलानी पर्ति जग्गा घुसेको हो वा होइन र घुसेको हो भने के कति घुसेको हो भन्ने यकीन नगरी लामो समयसम्म निर्णय नगरी सम्पूर्ण जग्गा रोक्का राखी रहनाले व्यक्तिको सम्पत्ति भोगचलन बिक्री व्यवहार गर्ने हकमा आघात पुग्न जाने हुन्छ । त्यसकारण समयमा नापनक्सा, छानबीन र निर्क्यौल नगरी व्यक्तिको सम्पत्ति अनन्तकालसम्म रोक्का रहिरहेको स्थिति कायम राख्ने गरेको मालपोत कार्यालयको कार्यले निवेदकको सम्पत्ति भोग गर्ने हकमा आघात पुग्न गएको देखिँदा सो निर्णय र कार्यलाई कानूनसम्मत् हो भन्न नमिल्ने हुँदा आफ्नो जिम्मेवारी पन्छाई निवेदकको जग्गामा सरकारी ऐलानी जग्गा घुसे नघुसेको सम्बन्धमा गर्नुपर्ने निर्णय नगरी निवेदकको जग्गा अनन्तकालसम्म रोक्का रहिरहने स्थिति सिर्जना हुने गरी भएका मालपोत कार्यालयको कामकारवाही एवं निर्णयहरू कानूनसम्मत् भएको नदेखिँदा सो निर्णय र कार्यहरू उत्प्रेषणको आदेशबाट बदर हुने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल असोज २७ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको रिट नं. ०६६-WO-३३१, उत्प्रेषण, *गगनसिंह नेगी वि. महेन्द्रनगर नगर विकास समितिको कार्यालय, महेन्द्रनगर, कञ्चनपुर समेत*

कानूनले जुन निकायले निर्णय गर्ने भनी अख्तियारी दिएको छ, सो निकायले नै सो अधिकार प्रयोग गर्नुपर्ने हुन्छ, अन्यथा त्यो निर्णयले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।

नगर विकास ऐन, २०४५ को दफा २० अनुसार महेन्द्रनगर नगर विकास समितिमार्फत् महेन्द्रनगर नगर विकास पुनरावेदन समितिसमक्ष पुनरावेदन उजूरी गरेकोमा सो उजूरी पुनरावेदन समितिमा नपठाई सोही विषयमा महेन्द्रनगर नगर विकास समितिको अतिक्रमित घर जग्गा खाली गराउने भनी गरेको निर्णय र सो निर्णयअनुसार लेखेको पत्र अधिकारक्षेत्र बाहिर गई गरेको देखिँदा नगर विकास समितिको सो मिति २०६४।४।३० को निर्णय र सो निर्णयअनुसार २०६४।५।२ मा लेखेको पत्र उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निवेदकले नगर विकास समितिमार्फत् पुनरावेदन उजूरी सुन्ने नगर विकास पुनरावेदन समितिसमक्ष गरेको पुनरावेदन, नगर विकास पुनरावेदन समितिबाट निर्णय हुनुपर्नेमा हाल नगर विकास ऐन, २०४५ संशोधन भएबाट निवेदकको पुनरावेदन उजूरी निवेदनमा निकास दिने गरी उपयुक्त

निर्णय गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।
इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६८ साल असोज २७ गते रोज ६ शुभम् ।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६६ सालको विविध नं. ०६६-MS-०००६, अदालतको अपहेलना, *गगनसिंह नेगी वि. पुस्कल चौधरी समेत*
- २०६६ सालको फौ.पु.नं. ०६६-CR-०५१४, अदालतको अपहेलना, *गगनसिंह नेगी वि. वासुदेव राना समेत*

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको फौ.पु.नं. ०६६-CR-०७३५, ०७३६, RC-००१५, कर्तव्य ज्यान र जवर्जस्ती चोरी, *लालबहादुर वि.क. वि. नेपाल सरकार, डम्बरबहादुर वि.क. वि. नेपाल सरकार, नेपाल सरकार वि. लालबहादुर वि.क. समेत*

मृतक डिलासराको लासजाँच मुचुल्कामा मृतकको दुबै कानको लोती च्यात्तिएको, दायाँ छातीमा २ इन्च लम्बाई, १ ईन्च चौडाई भएको गहिरो चोट र दायाँ छातीमा १½ लम्बाई, १ ईन्च चौडाई भएको चोट रहेको भन्ने उल्लेख भएको तथा Autopsy Report मा मृत्युको कारणमा Penetrating Chest Injury भन्ने उल्लेख भएको कारण मृतकको मृत्यु छातीको घाउबाट भएको भन्ने देखिन आउँछ । मृतकको मृत्यु छातीको घाउबाट भएको र मृतकको छातीको घाउ डम्बरबहादुरले पक्रने र लालबहादुरले खुकुरी हानेबाट परेको देखिँदा यी प्रतिवादीहरूको कार्यबाट नै मृतक डिलासराको मृत्यु हुन गएको पुष्टि हुन आयो । यसरी योजना बनाई बाटोमा जो भेटिन्छ त्यसलाई लुट्ने भनी हिँडेका प्रतिवादीहरूले खेतमा लसुन गोडिरहेकी डिलासरालाई सुन चोर्ने क्रममा समात्दा मृतक कराएपछि भाग्नु पर्नेमा खुकुरी प्रहार गरी हत्या समेत गरेको देखिँदा खुकुरी प्रहार गर्ने प्रतिवादी लालबहादुर वि.क.लाई ज्यानसम्बन्धीको १३(१) नं. को कसूरमा ऐ. १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद, समाती संयोग पारी दिने प्रतिवादी डम्बरबहादुर वि.क.लाई ऐ. १३(४) नं. को कसूरमा जन्मकैद हुने ।
इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६८ साल असोज २५ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६४ सालको दे.पु.नं. ०६३-CI-०९२१, दर्तफारी समेत, *मीठुमाया ख्वाउजू वि. कल्पना के.सी.*

एकभन्दा बढी व्यक्तिको नाममा संयुक्त दर्ता रहेको जग्गाको स्वामित्वसम्बन्धी लिखतमा र खासगरी जग्गाधनी प्रमाण पूर्जामा स्पष्टतया अन्यथा उल्लेख भएको नदेखिएमा सो जग्गामा दर्तावाला सबैको बराबर हक हिस्सा निहीत रहेको मान्नुपर्ने ।

वादी प्रतिवादीका नाममा संयुक्त दर्ता रहेको जग्गामा अन्यथा नदेखिए सो जग्गामा दर्तावाला दुबैजनाको बराबर हक हिस्सा रहेको देखिने हुँदा दावीबमोजिम विवादको कि.नं. ४२४ को ०-६-० जग्गामध्ये आधा ०-३-० जग्गा कित्ताफोड गरी वादीका नाउँमा कायम हुने ।
इजलास अधिकृतः खड्गराज अधिकारी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल भदौ १२ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६४ सालको दे.पु.नं. ०६३-CR-०५१३, जालसाजी, *मीठुमाया ख्वाउजू वि. आशामाया जोशी समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६४ सालको रि.नं. WO-००५५, प्रतिषेध, उत्प्रेषण मिश्रित परमादेश, *सुनमती तण्डुकार वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत*

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ८(३) ले प्रमुख जिल्ला अधिकारीलाई कुनै स्त्री वा नाबालकको धन भौतिक रूपमा संरक्षण गर्न जिम्मा लगाउन सक्नेसम्मको अधिकार दिएको र अचल सम्पत्ति

रोक्का राखी सम्पत्तिको धारकलाई संविधानद्वारा प्रदत्त सम्पत्ति भोग गर्ने,र बेचबिखन गर्ने समेतको हकमा आघात पुग्ने गरी जग्गा रोक्का राख्ने अधिकार दिएको नदेखिएकोले जिल्ला प्रशासन कार्यालयको क्षेत्राधिकारविहीन रोक्का आदेश र तत्सम्बन्धी भएको कामकारवाही कानूनसम्मत् नदेखिने ।

कि.नं. ३०० को जग्गा निवेदिकाको नाउँमा एकलौटी दर्ता रहेको देखिएको, निवेदिकाको नाउँको जग्गा निजले धितो बन्धक राख्न र बेचबिखन समेत गर्न पाउने गरी संवैधानिक अधिकार प्राप्त रहेको देखिएको अवस्थामा प्रत्यर्थीमध्येका समुना तण्डुकार समेतको निवेदनको आधारमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंको आदेशानुसार रोक्का रहेको देखिएकोले व्यक्ति विशेषको हकको अचल सम्पत्ति रोक्का राख्ने क्षेत्राधिकार प्रजिअलाई रहेको नदेखिएको तथा रोक्का आदेश र तत्सम्बन्धी कामकारवाहीले निवेदिकाको संवैधानिक एवं कानूनप्रदत्त हकाधिकारमा आघात पुग्न गएको देखिएकोले जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मिति २०६३।१०।१० को रोक्का आदेश तथा सो आदेशानुसार मालपोत कार्यालय, डिल्लीबजारबाट भएको रोक्का राख्ने समेतका कामकारवाही कानूनविपरीत रहेको देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने र सो जग्गा फुकुवा गरी दिनु भनी मालपोत कार्यालय, डिल्लीबजार काठमाडौंको नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः वासुदेव पौडेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६८ साल असोज १० गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको दे.पु.नं. ०६७-CI-००६१, बाटो खुलाई पाऊँ, *वीरेन्द्र राउत कुर्मी वि. रामवली राउत कुर्मी*

नक्सा मुचुल्का हेर्दा न.नं. ७ को सार्वजनिक बाटोबाट उत्तरतर्फ रहेको न.नं. ५ को ३ फीटे कालीमार्ग हुँदै वादी एवं प्रतिवादीको कि.नं. ६४२ र कि.नं. ६४२ को जग्गामा बनाइएको घरसम्म आवतजावत गर्न बाटो दुबै पक्षलाई आवश्यक भएको र दुबै पक्षको जग्गाको उत्तरतर्फ बाटो कायम गर्दा दुबैलाई आवागमनमा सहज हुने हुँदा बाटो कायम गर्नु नै उपयुक्त हुने देखिन्छ । यसका अतिरिक्त प्रतिवादीले प्रस्तुत मुद्दाको प्रतिउत्तरपत्र पेश गर्दा सोको प्रकरण ३ मा साविकमा जग्गाधनीले तथा छेउछाउका अन्य जग्गावालाले समेत आलीकै बाटो भै उत्तर दक्षिणको सनातनी मूल बाटोमा आउने जाने गरिआएको व्यहोरा उल्लेख गरेको देखिन्छ । यस तथ्यले समेत सो स्थानमा बाटो आवश्यक रहेछ भन्ने कुरा स्पष्ट हुँदा न.नं. ७ को बाटोसम्म पहुँचका लागि न.नं. ५ हुँदै न.नं. १ र २ को बाटो कायम हुने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल असोज ८ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको फौ.पु.नं. ०६७-CR-०१२७, आगो लगाएको, *नेपाल सरकार वि. पृथ्वीबहादुर स्याङ्तान*

शुरू जिल्ला अदालतले प्रतिवादीको कसूर स्थापित गर्न बुझिएका मानिस यादवकुमार श्रेष्ठको कागजलाई आधार मानेको देखिन्छ । निज यादवकुमार श्रेष्ठको अदालतसमक्ष बकपत्र भएको देखिन्न । प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम "कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकीकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भै बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने कानूनी व्यवस्थाअनुसार निज यादवकुमार श्रेष्ठको अनुसन्धानको सिलसिलामा तयार भएको कागजमा उल्लेख भएको व्यहोरालाई मात्र प्रमाणमा लिन नमिल्ने ।

बरामदी मुचुल्काका व्यक्ति राजकुमार श्रेष्ठले अदालतसमक्ष बकपत्र गर्दा "कागजपत्र बिलको बाँकी बक्यौताको कागजपत्र सेतो कपडाको पोका बोकी प्रतिवादी घरबाट भाग्दै गर्दा प्रहरीले समातेको" भन्ने व्यहोरा बरामदी मुचुल्काबाट समर्थित हुन सकेको देखिन्न । पसलका खातापाता पसल बाहिर राख्नुले

पसलमा आगो लगाएको आरोप पुष्टि हुन सक्तैन। यसका लागि ठोस सबूद प्रमाणको आवश्यकता पर्ने हुन्छ। परिस्थितिजन्य प्रमाणबाट समेत प्रतिवादीको पसलमा भएको आगलागी निज प्रतिवादीकै कारणबाट भएको भन्ने पुष्टि हुन सकेको नदेखिँदा आरोपित कसूरबाट प्रतिवादीले सफाई पाउने।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल असोज ८ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको फौ.पु.नं. ०६४-CR-०२८३, आगो लगाएको, *नेपाल सरकार वि. रामकिशोर यादव*

जाहेरी दरखास्त, वस्तुस्थिति मुचुल्कामा उल्लिखित वारदातस्थल र अभियोगपत्रमा उल्लिखित घटनास्थल फरक वार्डमा रहेको देखिएको, जाहेरवाला र वस्तुस्थिति मुचुल्का, घटनास्थल मुचुल्काका व्यक्तिको फरक-फरक वकपत्र रहेको, मिति २०६३।८।२२ को वारदातमा मिति २०६४।७।२९ मा वस्तुस्थिति मुचुल्का हुनुपर्ने औचित्य पुष्टि हुन नसकेको यस्तो शंकाजनक स्थितिमा प्रतिवादीलाई अभियोग मागदावीबमोजिम सजाय गर्न मुनासिब नदेखिँदा अभियोग दावीबाट सफाइ पाउने।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल असोज ८ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको फौ.पु.नं. ०६६-CR-०२१०, डाँका, *हरिशरण ठकुरी वि. नेपाल सरकार*

हातहतियार मुद्दामा पुनरावेदक प्रतिवादीले जाहेरवालाको घरमा चोरी गर्न प्रयोग गरेको हतियार (पेस्तोल) कानूनअनुरूप इजाजत प्राप्त नगरेको कारण निजलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) बमोजिम एकवर्ष कैद र रू. ६,०००।- जरीवाना गर्ने गरी शुरू जिल्ला प्रशासन कार्यालय, काठमाडौंले मिति २०६३।५।५ मा गरेको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६६।२।१० मा फैसला भएको देखिन्छ। सो फैसला दोहोऱ्याई पाऊँ भनी प्रतिवादीले यस अदालतसमक्ष न्याय प्रशासन ऐन, २०४८ को दफा १२ बमोजिम निवेदन गर्दा पुनरावेदन अदालतको उक्त मितिको फैसला दोहोऱ्याई हेर्न निस्सा प्रदान गर्न मिलेन भनी यस अदालतबाट मिति २०६७।१।३१ मा अन्तिम रूपमा आदेश भएको देखिँदा पुनरावेदक प्रतिवादी जाहेरवालाको घरमा हातहतियारसहित चोरी गर्न गै बरामद भएको रू.१३,५००।- बराबरको नगद तथा सुन समेत जवर्जस्ती चोरी गरेको सिद्ध हुन आएको छ। यस्तो अवस्थामा जाहेरवाला अदालतसमक्ष उपस्थित भै बकपत्र नगरेको भन्ने आधारमा प्रतिवादीलाई अभियोग दावीबाट सफाइ दिनु मुनासिब नहुने।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल असोज ८ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको फौ.पु.नं. ०६७-CR-०५१४, डाँका, *राजकुमार श्रेष्ठ वि. नेपाल सरकार*

चोरीको वारदातमा संलग्न भएका व्यक्तिको अ.वं. १७३ नं. बमोजिम सनाखत गर्दा एकै अनुहारका ५ जनामध्ये दोस्रो स्थानमा खडा रहेका राजकुमार श्रेष्ठ, तेस्रो स्थानमा खडा रहेका अनील चौधरी र चौथा स्थानमा खडा रहेका दीपक सापकोटालाई चोरीको घटना घटेको देख्ने मीना सुब्बाले देखी चिनी सनाखत गरिदिएको देखिन्छ। निज मीना सुब्बाले अदालतसमक्ष उपस्थित भई आफ्नो जाहेरी पुष्टि गरिदिएको देखिन्छ। साथै प्रतिवादीबाट नगद बरामद भएको बरामदी मुचुल्काबाट समेत देखिन्छ। प्रतिवादीबाट सो बरामदी मुचुल्का अन्यथा हो भन्न पुष्टि गर्न सकेको देखिँदैन। यस्तो अवस्थामा प्रतिवादी कसूरदार होइन रहेछन् भन्न नसकिने।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल असोज ८ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको फौ.पु.नं. ०६५-CR-०६३७, डाँका, *नेपाल सरकार वि. तीर्थ भन्ने अर्जुन ओझा समेत*

जाहेरवाला ज्ञानबहादुर शाक्यले मिति २०५८।३।१३ मा जिल्ला प्रहरी कार्यालय, ललितपुरमा निवेदन दिँदा अपरिचित ५ जना मानिसहरू आई १२ तोला सुनको मोल रू.१,००,८००।- समेत गरी रू. ९,३०,८००।- बराबरको धनमाल डाँका चोरी गरी लगेको भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ । त्यसैगरी मिति २०५८।१०।२२ मा जाहेरी दिँदा ५ जना व्यक्तिकै संख्या उल्लेख गरिदिएको देखिन्छ । तर निज जाहेरवाला र अर्का प्रत्यक्षदर्शी साक्षी निजको बुहारी पद्मा शाक्यले शुरू अदालतसमक्ष बकपत्र गर्दा मैले नचिनेका ३, ४ जना जवानहरू आई जाहेरीमा उल्लिखित सामानहरू र नगद समेत चोरी डाँका गरी लगेको हो भनी व्यहोरा लेखाएको पाइयो । यसरी हेर्दा चोरीको घटना घटाउने व्यक्तिहरूको संख्या यो यति जना रहेको भन्ने तथ्यमा वादी पक्षका प्रत्यक्षदर्शी साक्षी द्विविधामा रहेकोपमस् देखिन आयो । प्रतिवादीहरू ३ जनामात्र पक्राउ परेको देखिन्छ । यस्तो शंका एवं द्विविधाजनक अवस्थामा ५ जनाको समूहले डाँका गरेको भन्न मनासिब नहुने ।

वादी पक्षबाट प्रतिवादीहरूले चोरी गरेको १२ तोला सुनको मोल रू. १,००,८००।- बराबरको बिगो प्रतिवादीहरूबाट जाहेरवालालाई भराई पाउन स्पष्ट रूपमा अभियोग माग दावी लिइएको देखिँदैन । अभियोगपत्रमा माग दावी नै नरहेको विषयमा पुनरावेदन गरेकै आधारमा ठहर गर्न नमिल्ने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल असोज ८ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको दे.पु.नं. ०६४-CI-०५१५, नापी निर्णय दर्ता बदर, हक कायम समेत, *गंगाजलिया कोरी वि. मु.स. गर्ने छक्कमा चमार*

प्रतिवादी गंगाजलिया कोरीका छोराहरू रामगोपाल कोरी समेतले प्रतिवादी र मुन्ने चमार समेतउपर दायर गरेको संवत् २०५४ सालको दे.पु.नं. ११६/४६४ को लिखत दर्ता बदर मुद्दामा पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०५५।८।२८ मा फैसला हुँदा वादी दावी नपुग्ने ठहर फैसला भएको देखिन्छ । सो मुद्दामा यी प्रतिवादी गंगाजलियाले प्रतिउत्तर दिँदा वादीलाई विवादित घर तथा जग्गा समेत बिक्री गरेको भन्न नमिल्ने हुँदा घरजग्गाको लम्बाई चौडाई खुलाई प्रतिवादीले वादीलाई राजीनामा लिखत गरिदिएको परिप्रेक्ष्यमा सो घरले चर्चेको जग्गामा वादीको हकको देखिने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल असोज ८ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको दे.पु.नं. ०६६-CI-०७९८, छूट जग्गा दर्ता, *मालपोत कार्यालय, उदयपुर वि. शीलादेवी चौधरी*

एकै जग्गामा दुई पक्षको हक रहेको भन्ने निवेदन दावी परेको अवस्थामा के कति जग्गा कसका नाउमा दर्ता गर्नुपर्ने वा नपर्ने भन्ने विषयमा सबूत प्रमाणको मूल्याङ्कन गरी बोल्नुपर्ने हुन्छ । मालपोत कार्यालयलाई सबूद प्रमाणको मूल्याङ्कन गरी बोल्नुपर्ने ।

हक कायम हुनेका नाउँमा विधिवत रूपमा दर्ता गर्नपर्ने कर्तव्य मालपोत कार्यालयको रहनेमा जग्गा दर्ता गरिपाऊँ भन्ने निवेदन नै खारेज गर्ने ठहऱ्याएको मालपोत कार्यालयको निर्णय बदर हुने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल असोज ८ गते रोज १ शुभम् ।

९

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको दे.पु.नं. ०६६-CI-१२६३, लिखत दर्ता बदर दर्ता, *कामेश्वर दास गोश्वामी समेत वि. नेवालाल गोश्वामी*

अ.वं. ६२(५) नं.मा "खोलो पहिरो वा हिउँले बाटो बन्द भई वा यातायातको साधन नचलेको मिति र बाटो खुलेको वा यातायातको साधन चलेको मिति खुलाई सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका वा सरकारी अड्डाबाट निस्सा लिई बाटो खुलेको मितिले बाटाका म्यादभित्र अड्डामा हाजिर भै निवेदनपत्र दिएमा म्याद तारिख थामी दिनुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । यो नं. को कानूनी व्यवस्थाले पुनरावेदकले भनेजस्तो अ.बं. ५९ नं. बमोजिम ३०

दिनभित्र म्याद तारिख थामीसक्नु पर्ने भन्ने जिकीर मुनासिब देखिँदैन । मुलुकी ऐन, अदालती बन्दोवस्तको ५९ नं. बमोजिमको सुविधा सामान्य परिस्थितिमा पनि उपलब्ध हुने गरेको पाइन्छ भने सो महलको ६२(५) नं. विशेष परिस्थितिमा लागू हुने व्यवस्था हो । वादीले सो विशेष परिस्थिति आइपरेको निस्सा प्रमाणसहित अदालतमा म्याद तारिख थाम्न थमाउन आएपश्चात् सो कार्य गर्न इन्कार गर्नु उक्त अ.वं. ६२(५) नं.मा उल्लिखित कानूनी व्यवस्थाको पालन गर्न इन्कार गरेको मान्नुपर्ने हुँदा दुबै पक्षको रोहबरमा कानूनबमोजिम फैसला गर्नु भनी प्रस्तुत मुद्दाको मिसिल सुनसरी जिल्ला अदालतमा पठाउने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल असोज ८ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६७ सालको दे.पु.नं. ०६६-CI-१२६२, लिखत दर्ता बदर दर्ता, *रामप्रसाद महतो समेत वि. नेवालाल गोश्वामी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ४

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको WO-०६२०, उत्प्रेषण समेत, *महेन्द्रमान माली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

२०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म द्वन्द्वको समयमा विभिन्न अदालत तथा अर्धन्यायिक निकायहरूमा मुद्दा दायर भएको हुँदा त्यस्ता मुद्दाहरू समेत शान्ति प्रक्रियालाई अगाडि बढाउन र संवत् २०६३ साल मंसिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौताको प्रकरण ५.२.७ को व्यवस्था कार्यान्वयन गर्न फिर्ता लिनु वाञ्छनीय देखिएकोले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २९(१) बमोजिम फिर्ता लिने भन्ने उल्लेख भएको देखिन्छ । यसरी नेपाल सरकारको उक्त निर्णय एउटा निश्चित अवधिभित्रको घटनाका सम्बन्धमा दायर भएका र कारवाहीमा रहेका मुद्दाको हकमासम्म लागू हुने देखिन्छ । उक्त अवधि २०५२ फागुन १ देखि २०६३ मंसिर ५ गतेसम्मको हो । २०६३ साल मंसिर ५ गते पछिका घटनाका सम्बन्धमा न्यायिक वा अर्धन्यायिक निकायमा दायर भएका मुद्दाहरूलाई नेपाल सरकारको उक्त निर्णयले समेटेको नदेखिँदा नेपाल सरकारले २०६५।७।११ मा गरेको आफ्नै निर्णयविपरीत फिर्ता लिन सकिने श्रेणीभित्र नपरेको मुन्ना भन्ने रमेशकुमार गुप्ता समेत भएका पर्सा जिल्ला अदालतमा दयार भई विचाराधीन कर्तव्य ज्यान मुद्दा फिर्ता लिने भनी मिति २०६५।७।२० मा कानून न्याय तथा संविधानसभा व्यवस्था मन्त्रालयले लेखी पठाएको पत्र र सोही आधारमा मुद्दा फिर्ता लिन अनुमति दिइएको पर्सा जिल्ला अदालतको २०६५।८।२३ को आदेशलगायतका कामकारवाही त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब कानूनबमोजिम मिसिल संलग्न प्रमाणहरूको विवेचना गरी एवं कानूनले तोकेको कार्यविधि समेत पूरा गरी इन्साफ गर्नु भनी पर्सा जिल्ला अदालतका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः भवानी ढुङ्गाना

इति संवत् २०६८ साल जेठ २३ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४-WO-३३८, उत्प्रेषणयुक्त परमादेश समेत, *शान्तिदेवी बनिया वि. जिल्ला प्रशासन कार्यालय, बाँके समेत*

मुलुकी ऐन, अ.बं. ३५ नं. ले "गैह्र अड्डाले कानूनबमोजिम आफूले हेर्न हुने मुद्दा बाहेक अरू मुद्दा हेर्न हुँदैन, हेरे छिनेको भए बदर हुन्छ" भनी उल्लेख गरेको पाइन्छ । यसैगरी यस अदालतबाट "विदेशी नागरिक हो भन्ने कुराको विवाद खडा भएपछि स्वदेशी वा विदेशी को हुन् तत्सम्बन्धमा अधिकारप्राप्त निकायबाट निर्णय भएपछि मात्र जग्गाको जोताहा बेदखली सम्बन्धमा कारवाही गरी निर्णय गर्नुपर्ने । "(*नेकाप* २०३८, अङ्क ७, नि.नं. १४८८, पृ. २० मा) भन्ने समेत सिद्धान्त कायम भएको देखिँदा सो नजीर सिद्धान्त प्रस्तुत मुद्दामा पनि आकर्षित हुने ।

रामजियावन भारतीय व्यक्ति हुन् भनी जिल्ला प्रशासन कार्यालयको निर्णयमा पुष्टि गर्ने आधार उल्लेख

गरेको पनि पाइदैन । यसका साथै प्रमुख जिल्ला अधिकारीको निर्णयमा निवेदनमा उल्लिखित जग्गा रामजियावन बनियाको नाउँमा स्रेस्ता कायम रहेको देखिन्छ भनी उल्लेख भएको देखिन आउँछ । सो मुद्दाको कारवाहीको सिलसिलामा स्व. रामजियावन बनियाको हकवाला कोही भए आउनु भनी वासुदेवपुर गा.वि.स. कार्यालयमा मिति २०६६।७।२४ मा सूचना टाँस गर्न भनी पठाएको सम्म देखिन्छ । प्रस्तुत रिट निवेदनमा उल्लिखित र निवेदनसाथ पेश भएको नेपालगञ्ज नगरपालिकाको मिति २०६०।९।२ को पत्रबमोजिम नेपालगञ्ज नगरपालिका वडा नं. ९ बस्ने स्व. रामजियावन बनिया र निवेदिका शान्तिदेवी बनियाबीच पति पत्नीको नाता रहेको भन्ने देखिन्छ । यसबाट प्रमुख जिल्ला अधिकारीबाट विवादको जग्गासम्बन्धमा निर्णय गर्नु अगावै यी निवेदिका समेतका नाममा निजको बसोबास रहेको वतन नेपालगञ्ज नगरपालिका वडा नं. ९ मा रीतपूर्वक म्याद पठाई निजलाई सुनुवाइको उचित मौका प्रदान गरी निजको भनाई समेत सुनी निर्णय गरेको भन्ने पनि नदेखिँदा प्राकृतिक न्यायको सिद्धान्तको गम्भीर उल्लंघन भएको देखिन आउने ।

अदलको महलको ३ नं. र अपुतालीको महलको १७ नं. अनुसार निर्णय गरेको भन्ने प्रमुख जिल्ला अधिकारीको लिखित जवाफमा उल्लेख गरेको भए तापनि उक्त १७ नं. को कार्यविधि अवलम्बन गरेको देखिएन । जिल्ला अदालतमा दायर मुद्दामा स्व. रामजियावन बनियाको हकवाला भनी देखिइरहेको अवस्थामा निजहरूका नाममा अपुतालीको १७ नं. अनुसार कुनै म्याद सूचना जारी भएको पाइएन । यसरी उक्त अपुतालीको महलको १७ नं. समेतको प्रक्रियागत त्रुटि गरेको स्पष्ट देखिन आएको छ । यसबाट उल्लिखित जग्गा जिल्ला प्रशासन कार्यालय बाँकेबाट मिति २०६६।११।९ मा नेपाल सरकारको नाममा दर्ता गर्ने गरी निर्णय भएबाट जिल्ला अदालतमा विचाराधीन रहेको विदेशीले आयस्ता खायो भन्ने मुद्दाको विवादित विषयको निर्णय गर्ने कार्य समेत प्रभावित हुन गएको देखिँदा निवेदिकालाई सुनुवाइको मौका समेत प्रदान नगरी प्राकृतिक न्यायको सिद्धान्तविपरीत प्रमुख जिल्ला अधिकारीबाट भएको मिति २०६६।११।९ को निर्णय, सो निर्णयबमोजिम गर्न भनी मिति २०६७।१।१० मा मालपोत कार्यालय, बाँकेलाई लेखेको पत्र र पुरस्कारस्वरूप विपक्षीहरू राकेशसिँह ठाकुर र रामकुमार गुप्ताका नाममा गरेको नामसारी दर्ता समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल साउन २३ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-WO-०४९०, उत्प्रेषणयुक्त परमादेश समेत, *विजयकुमार बुढाथोकी समेत वि. भानुभक्त रिमाल समेत*

एकाको नाम दर्ता र भोगमा रहेको जग्गा कित्ताकाट गरी अन्य व्यक्तिलाई वितरण गर्दा समेत सो जग्गाका जग्गाधनी निवेदकहरूको सहमति वा स्वीकृति लिएको वा तत्सम्बन्धमा आफ्नो कुरा भन्न पाउने अवसर प्रदान गरेको कानूनी प्रक्रिया अवलम्बन नगरेको देखिँदा आफ्नो हकभोग स्वामित्वको जग्गाको स्वामित्व हस्तान्तरण निजको सहमति बेगर गर्न नसकिने र त्यसो गर्दा सम्बन्धित व्यक्तिलाई त्यसो गर्न नहुने कुनै कारण भए त्यस्तो कारणसहित प्रतिवाद गर्न पाउने अवसर समेत प्रदान नगरी प्राकृतिक न्यायको सिद्धान्तविपरीत कार्य भएको देखिने ।

विघटित सुकुम्बासी समस्या समाधान आयोगले यी निवेदकहरूका नामदर्ताको कि.नं. १५३ को जग्गा कित्ताकाट गरी विपक्षी भानुभक्त रिमाल समेतका व्यक्तिलाई वितरण गरी जग्गाधनी प्रमाणपूर्जा प्रदान गरेको कार्य समेत स्पष्टतः प्रचलित संविधान तथा कानूनविपरीत रहेको देखिँदा सो कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । कि.नं. १५३ को जग्गा स्रेस्ता निवेदकरूका नाममा यथावत् कायम राखिदिनु भनी विपक्षी मालपोत कार्यालयका नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल साउन २३ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रिट नं.WO-०८१५, उत्प्रेषणयुक्त

परमादेश समेत, *भूमिप्रसाद आचार्य समेत वि. इलाका प्रहरी कार्यालय, काँकडभिट्टा, झापा समेत*

अनधिकृत निकायबाट तयार गरेको भनिएको लिखत अस्तित्वमा नै नरहेकोलाई बदर गर्ने गराउने अवस्था नहुने ।

एकाघरका श्रीमती, छोरालाई अंश वा खान लाउन दिने दिलाउने विषयका सम्बन्धमा सोही मुद्दामा अदालतबाट न्याय निरोपण गरिने नै हुँदा अदालतमा विचाराधीन विषयका सम्बन्धमा अन्यत्र छलफल गर्नुको कुनै औचित्य नरहने र त्यसको वैधानिकता पनि नरहने ।

शान्ति सुरक्षा कायम गराई पाऊँ भनी कसैको निवेदन परेपछि सोही विषयका सम्बन्धमा छलफल समेत गरी गराई आवश्यक शान्ति सुरक्षा कायम गराउनु पर्ने सम्बन्धित प्रहरी प्रशासनको जिम्मेवारी रहन्छ । शान्ति सुरक्षा कायम गर्नेसम्मको प्रयोजनका लागि छलफल गराएबाट निवेदक समेत कसैको कुनै कानूनी हकमाथि आघात पुगेको वा पुग्ने भनी अर्थ गर्न मिल्ने हुँदैन । अनधिकृत निकायले आफ्नो अधिकारक्षेत्र नाघी कुनै कागज गरे गराएमा त्यस्तो कागजको वैधानिक मान्यता हुँदैन । त्यसको विरूद्ध नियमित कानूनी उपाय अवलम्बन गर्नसक्ने वैकल्पिक उपचार पनि उपलब्ध रहने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल साउन २३ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-WO-०५२६, उत्प्रेषणयुक्त परमादेश, *धरमसिँह धामी वि. बागमती फाँट जग्गा एकीकरण आयोजना, ललितपुर समेत*

विपक्षी आयोजनाको निर्णयबाट निवेदक र कि.नं. ५२५ को निवेदक समेतले साविक कि.नं. २७ को जग्गा रोपनी ०-१-१-० भन्दा बढी क्षेत्रफल ज.रो. ०-२-२-० को प्लट पाउने नै देखिन्छ । यसरी मिति २०६३।४।१७ को मिलापत्रबाट यी निवेदक समेतको जति जग्गामा हक कायम भएको छ, त्योभन्दा बढी जग्गा पाउने हक निवेदकलाई छैन र पहिले नै आयोजनाको स्वीकृत मापदण्डविपरीत हुन गई यी निवेदक समेतले आयोजनाबाट जग्गाको प्लट पाउन सक्ने देखिन नआउने ।

निवेदकले हा.व. लिखतको माध्यमबाट प्रस्तुत कि.नं. २७ को जग्गाको स्वामित्व प्राप्त गर्नुभन्दा अगावै विपक्षी आयोजना स्वीकृत भई कामकारवाही थालनी भैसकेको अवस्थामा सो आयोजनाको वैधानिकताका सम्बन्धमा विचार गर्नुपर्ने अवस्था देखिँदैन । यसरी आफूले स्वामित्व प्राप्त गर्नु अगावै सञ्चालित आयोजनाले जग्गा अधिग्रहण गरी आयोजनाको मापदण्डबमोजिम प्लटहरू तयार गरी सो मापदण्डबमोजिमको प्रक्रिया समेतबाट यी निवेदकलाई थप जग्गा समेत उपलब्ध गराउने भनी मिति २०६५।१२।९ मा गरेको निर्णयबाट निवेदकको संविधानप्रदत्त साम्पत्तिक अधिकारमा आघात पुग्न गएको मान्न नमिल्ने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल साउन २३ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको २०६६-WO-०५२५, उत्प्रेषणयुक्त परमादेश, *धर्मसिँह कार्की वि. बागमती फाँट जग्गा एकीकरण आयोजना, ललितपुर समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-WO-०६१६, उत्प्रेषण, परमादेश समेत, *बालकृष्ण जोशी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

सार्वजनिक खरीद ऐन, २०६३ को दफा ४८ (१) मा सार्वजनिक निकायले खरीद वा कारवाही वा निर्णय गर्दा कुनै त्रुटि गरेको वा पालना गर्नुपर्ने कर्तव्य पालना नगरेकोले आफूलाई क्षति पुग्न गएको भन्ने समेतका आधारमा बोलपत्रदाता वा प्रस्तावदाताले त्यस्तो त्रुटि वा निर्णयको पुनरावलोकनको लागि सम्बन्धित सार्वजनिक निकायको प्रमुखसमक्ष निवेदन दिन सक्ने व्यवस्था रहेको पाइन्छ । साथै सो ऐनको दफा ४८ बमोजिम गठित पुनरावलोकन समितिबाट पनि तत्सम्बन्धी नियमितता वा अनियमितता सम्बन्धमा निर्णय गरी सच्याउन सक्ने अवस्था रहेको छ । यसरी सार्वजनिक खरीद ऐनले नै तत्सम्बन्धमा हुन सक्ने अनियमितताको सम्बन्धमा सोही ऐनमा उपचारको व्यवस्था गरिरहेकोमा त्यस ऐनले

तोकेको व्यवस्था अनुशरण नगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को व्यवस्थाबमोजिम भनी बोलपत्र रद्द गर्न गरेको निर्णय कानून र न्यायसंगत देखिन नआउने ।

राज्यका प्रत्येक अङ्ग र निकायले कानूनले तोकेको क्षेत्राधिकार र अधिकारको सीमाभित्र रही कार्य गर्नु कानूनको शासन र सुशासनको मर्म हो । यसको विपरीत अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६५।६।१७ को सूचनाअनुसार टेण्डर प्रक्रिया बदर गरेको कानूनसम्मत् देखिन आएन । तथापि हाल सो आ.व. को लागि औषधि सप्लाई गर्नेसम्बन्धी सम्पूर्ण कार्य सम्पन्न भई सो अवधि पनि व्यतीत भैसकेको सन्दर्भमा सो निर्णय बदर गर्नुको कुनै औचित्य बाँकी रहेको नदेखिँदा निवेदनमा उठाइएको टेण्डर बदरसम्बन्धी विवादको औचित्य र प्रयोजन समाप्त भैसकेको अवस्थामा मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल साउन २३ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-WO-०४४४, उत्प्रेषणयुक्त परमादेश समेत, *वीरबहादुर गुरुङ वि. मालपोत कार्यालय, संखुवासभा समेत*

२०५२ सालमा भएको समितिको निर्णय बदर गरिपाऊँ भनी यी निवेदकले यस अदालतमा अनुचित विलम्ब गरी मिति २०६६।८।१५ मा प्रवेश गरेको देखिन आउँछ । आफ्नो हक हनन् भए सफा र प्रष्ट व्यहोरा उल्लेख गरी समयमा नै न्यायका लागि अदालतमा प्रवेश गर्नेलाई मात्र अदालतले मद्दत गर्न सक्दछ । अनुचित विलम्ब गरी आउँदा त्यस्तो विलम्ब गरी आउनेलाई असाधारण अधिकारक्षेत्रको प्रयोगबाट मद्दत गर्न मिल्दैन । २०५२ सालमा भएको निर्णय बदर गराउन यथासमयमा नगै १४ वर्षपछि मात्र अदालत प्रवेश गर्नेलाई रिटको क्षेत्रबाट मद्दत गर्न नसकिने ।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल साउन २३ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको CR-०२१५, ०३१६, ०३१९, भ्रष्टाचार, *नेपाल सरकार वि. डम्बरकुमार दाहाल समेत, राजेन्द्र बुढाथोकी वि. नेपाल सरकार, लक्ष्मणप्रसाद भट्टराई वि. नेपाल सरकार*

राष्ट्रसेवकले घूस लिनु एउटा गम्भीर अपराध हो । यो कसूर विद्यमान कानून र सुशासनको सिद्धान्त समेतको प्रतिकूल कार्य हो । तर घूस लिँदै नलिएको राष्ट्रसेवक कर्मचारीलाई घूस लियो भनी कृत्रिम दोषारोपण गर्नु कम गम्भीर कुरा होइन । घूस जस्तो गम्भीर प्रकृतिको अपराध शंकारहित रूपबाट पुष्टि र प्रमाणित हुनुपर्दछ । कसैको व्यक्तिगत इबी साँध्नको लागि झूट्टा दोषारोपण गर्ने छूट कसैलाई छैन । यस्तो गम्भीर कसूरमा शंका र अनुमानको आधारमा कसैलाई दोषी ठहर गर्न नमिल्ने ।

कसैउपर दोषारोपण गर्नु मात्र पर्याप्त हुँदैन । शंकारहित ढंगबाट ठोस प्रमाणद्वारा प्रमाणित गराउन सक्नुपर्छ । राष्ट्रसेवकले घूस रिसवत लिएको भन्ने अभियोग दावी पनि पूर्वनियोजित वा बनावटी हुनुहुँदैन । प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले आरोपित कसूर गरेका हुन् कि भनी शंका गर्नुभन्दा यिनलाई गलत ढंगले फँसाएको हो कि भनी शंका गर्नुपर्ने अवस्था रहेको छ । यस्तो शंकाको अवस्थामा यो आरोपित वारदात घटित भएको वा प्रतिवादीहरूले कसूर गरेको भनी भन्न नमिल्ने ।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल कात्तिक ६ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको रिट निवेदन नं. WO-१०१२, उत्प्रेषण समेत, *धनबहादुर बस्नेत वि. गीताकुमारी खत्री समेत*

फैसला कार्यान्वयनको कार्यमा मुद्दाका पक्षको पनि उत्तिकै जिम्मेवारी र सहयोगी भूमिका अपेक्षित हुन्छ । बिगो बुझाउनु पर्ने अन्तिम फैसला भइसकेपछि सोअनुसारको बिगो दिनुपर्ने कानूनी दायित्व यी निवेदकको हो । बिगो भरी पाउनेले

भरीभराउमा दरखास्त दिए वा पुनः मुद्दा दिए मात्र बिगो बुझाउने वा जग्गा लिलाम गराएर असूलउपर गरोस् भन्ने धारणा राख्नु उचित होइन। धेरै समय पुरानो पञ्चकीर्ते मूल्याङ्कनलाई कायम गरी लिलामी कार्य गर्दा अन्याय पर्न गएको भन्ने निवेदन जिकीर भए पनि आफूलाई दिइएको म्यादमा अदालतमा उपस्थित भै फैसलाबमोजिम तिर्नु बुझाउनु पर्ने साँवा ब्याज बुझाउनेतर्फ यी निवदक सजग भएको देखिन नआउने।

चार आनाभन्दा पनि कम क्षेत्रफलमा निर्माण भएको टिनको घर लिलाम गर्दा बाहिरी व्यक्ति कसैले नसकारे पछि गीताकुमारीले सकार गरेको देखिन्छ। वास्तवमा बढी मोल पर्ने भए घर जग्गा लिन अरू व्यक्ति पनि अग्रसर हुन सक्नेमा सो घरजग्गा सकारी लिन अन्य कोही अग्रसर भएको देखिँदैन। यस्तो अवस्थामा धेरै मूल्य पर्ने जग्गा थोरैमा सकार गराएबाट अन्याय पर्‍यो भन्ने निवेदकको जिकीर मिथ्या र आधारहीन देखिन आउने।

निवेदन दावीको जग्गा बिगोले खाम्ने र भोग गर्न सकिने गरी टुक्रा पार्ने अवस्था नभएर नै घरसहितको पूरै कित्ताको मूल्याङ्कन गरी डाँक लिलाम गरिएको रहेछ भन्ने देखिन आउँछ भने बिगोभन्दा बढी हुन आउने रू. १,९३,४११।- निवेदकले पाउने गरी अदालतमा धरौटीमा राखिएको पाइन्छ। यसरी फैसला कार्यान्वयनको सिलसिलामा डाँक लिलामको कार्य प्रचलित कानूनबमोजिम गरिएकोले आफ्नो कानूनी दायित्व पूरा नगरेको यी रिट निवेदकको कुनै पनि कानूनी वा संवैधानिक हकाधिकारमाथि आघात भएको देखिन आउँदैन। यसरी फैसलाबमोजिमको बिगो भराउनेसम्बन्धमा भएको प्रचलित कानूनी प्रक्रिया (Due Process of Law) पूरा गरी गरिएको कारवाहीबाट निवेदकलाई सम्पत्तिसम्बन्धी संवैधानिक हकबाट बञ्चित गरियो भन्न सकिने अवस्था नरहने।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल साउन २२ गते रोज १ शुभम्।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** ०६७-WO-१२०९, उत्प्रेषणयुक्त परमादेश, *बुद्धिमाया गुरुङ वि. किशोर घिमिरे समेत*

निवेदिकाका पति ओमबहादुर गुरुङ समेतले सञ्चालन गरेको हाई हिमालय गोर्खा सर्भिसेज प्रा.लि. ले वैदेशिक रोजगारको नाममा गरेको ठगी कार्यमा पीडित व्यक्तिहरूको जाहेरी परी कारवाही भै अदालतबाट फैसला हुँदा वैदेशिक रोजगारमा ठगी गरेको ठहर्‍याई पीडितहरूलाई बिगो भराइदिने गरी फैसला भएपछि पीडितहरूले आ-आफ्नो फैसलाले ठहरेको बिगो प्रतिवादीबाट भराई लिनसक्ने र त्यस्तो बिगो भरीभराउको लागि प्रतिवादीको जेथा देखाई दरखास्त दिनसक्ने नै हुन्छ। तर, उक्त वैदेशिक रोजगार मुद्दाका पीडितहरू वा जाहेरवालाहरूले प्रतिवादी ओमबहादुर गुरुङबाट बिगो भरिपाउने कुरामा विवाद छैन। ओमबहादुर गुरुङको एकलौटी हक, स्वामित्वको जग्गा वा निज समेतको स्वामित्व भएको सम्पत्ति वा जग्गाबाट वा निज समेत भई सगोलको सम्पत्ति वा जग्गाबाट सो बिगो भरीभराउ हुन सक्ने हो निजका परिवारका अन्य सदस्यको एकलौटी सम्पत्ति वा जग्गाबाट ओमबहादुर गुरुङको दायित्व पूरा गराउने गरी भरीभराउ हुन सक्दैन। भरीभराउ नै हुन नसक्ने भएपछि त्यस्तो जग्गा बिगो भरीभराउको कारवाहीअन्तर्गत रोक्का राख्न नमिल्ने।

वैदेशिक रोजगार ठगी मुद्दामा भएको फैसलाबमोजिम उक्त मुद्दाको प्रतिवादीबाट भरी पाउने ठहरेको बिगोमा यी निवेदिकाले आफ्नो आमा पवी गुरुङबाट मिति २०३८।७।१० का हालैको बकसपत्रबाट प्राप्त गरी आफूखुश गर्न पाउने निजको एकलौटी हकभोगको कि.नं. १७५२ र ४०४ को जग्गाबाट बिगो भरीभराउन हुन नसक्ने भएकोले कि.नं. १७५२ र ४०४ को जग्गा रोक्का राख्ने गरेको कार्य प्रत्यक्ष कानूनी त्रुटिपूर्ण भई त्यसबाट यी निवेदिकाको सम्पत्तिसम्बन्धी हकको उपभोगमा असर परेको समेत देखिएकोले उक्त दुई कित्ता रोक्का राख्ने गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०६६।२।१४ को आदेश र पुनरावेदन अदालत पाटनको उपरजिष्ट्रारको मिति २०६७।७।१२ को आदेश र रोक्का राख्ने

आदेशलाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।३।१४ को आदेश समेत बदर गर्ने गरी उत्प्रेषणको आदेश जारी गरिदिएको छ। साथै उक्त दुई कित्ता जग्गा फुकुवा गर्नु भनी मालपोत कार्यालय, भरतपुर चितवन, काठमाडौं जिल्ला अदालत र चितवन जिल्ला अदालतका नाममा परमादेशको आदेश पनि जारी हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल कात्तिक ३० गते रोज ४ शुभम् ।

## इजलास नं. ५

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०४२२, अंश दपोट, *इलियास मियाँ वि. सफाउद्दिन मियाँ समेत*

तायदाती पेश गर्दा आफ्नो जिम्मामा भएको कुनै सम्पत्तिको विवरण पेश गर्ने र कुनै सम्पत्तिको विवरण पेश नगर्ने कार्य दबाउने छिपाउने मनसायपूर्वक नै गरेको मान्नुपर्ने हुन्छ । यसरी अंश मुद्दा जस्तो सगोलको सम्पत्तिमा नैसर्गिक तथा सबैको बराबर अधिकार रहने मुद्दामा आफ्नो जिम्मामा रहेको आफ्नो नाम दर्ताको बण्डा लाग्नुपर्ने सगोलको सम्पत्तिको यथार्थ र दुरूस्त विवरण इमानदारीपूर्वक अदालत सामु प्रस्तुत गर्नुपर्नेमा सो नदेखाउने निज प्रतिवादीले अन्य अंशियारहरूको हक मेटाउने उद्देश्य तथा मनसाय राखी दबाए छिपाएका रहेछन् भन्ने कुरा प्रष्ट रूपमा देखिन आयो । यसरी यी प्रतिवादीमध्येका तहमुल मियाँले उक्त कि.नं. ५० को जग्गा तायदातीमा नदेखाएको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट नै स्पष्टरूपमा देखिएको छ । उक्त सम्पत्ति निजी आर्जनको भए वा पैतृक सम्पत्ति नभए सो कुरा अदालतमा तायदाती पेश गर्दाका अवस्थामै सम्पत्तिको विवरण देखाई सोही अवस्थामै यो यति कारणले मेरो निजी आर्जनको हो भन्ने व्यहोरा समेत उल्लेख गरी सोलाई पुष्टि गर्ने प्रमाण समेत संलग्न गरिएको हुनुपर्ने ।

प्रतिवादी तहमुल मियाँले उल्लिखित कि.नं. ५० को जग्गा दपोट गरेको ठहर्‍याई त्यस्तो दपोट गर्ने प्रतिवादीले नपाउने र अन्य नदबाउने अंशियारहरू सबैले बराबर अंश भाग गरी बण्डा गरी खान पाउने ।

इजलास अधिकृतः हेमबहादुर सेन
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६८ साल साउन २३ गते रोज २ शुभम् ।

## इजलास नं. ७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको WH-००१८, वन्दीप्रत्यक्षीकरण, *वीरेन्द्रप्रसाद शाह वि. गृह मन्त्रालय समेत*

रिट निवेदकलाई मिति २०६८।५।२२ मा पक्राउ गरी केही सार्वजनिक अपराध मुद्दा र कर्तव्य ज्यान मुद्दामा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५(४) बमोजिम मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राखेको र मिति २०६८।६।२५ मा पर्सा जिल्ला अदालतबाट कर्तव्य ज्यान मुद्दामा अ.बं. ११८ को देहाय (२) बमोजिम पुर्पक्षको लागि थुनामा राख्ने गरी आदेश भएअनुसार पुर्पक्षको लागि थुनामा राखिएको देखिनाले निवेदकलाई गैरकानूनीरूपले वन्दी बनाएको भन्न मिलेन । अतः कानूनबमोजिमको प्रक्रिया पुर्‍याई साधिकार निकायबाट थुनामा राखेको मिसिल संलग्न प्रमाणबाट देखिरहेको हुँदा निवेदकको संविधानद्वारा प्रदत्त मौलिक हक हनन् भएको भन्न मिल्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद अवस्थी
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल मंसिर १८ गते रोज १ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६६-WO-०९२१, प्रतिषेध/परमादेश, *दलबहादुर के.सी. वि. जिल्ला विकास समितिको कार्यालय, नवलपरासी समेत*

सार्वजनिक सम्पत्ति गैरकानूनीरूपमा बेचविखन गरेमा त्यस्तो कार्य अख्तियारको दुरूपयोग हुन जाने हुन्छ । यस्तो स्थितिमा निवेदकले दावी लिए

झैं विद्यालय व्यवस्थापन तथा सञ्चालक समितिले निर्णय गरी गुपचुपरूपमा बिक्री गर्न नसक्ने ।

विद्यालय व्यवस्थापन समितिको मिति २०६६।१२।२४ को निर्णय हेर्दा विद्यालयको भौतिक सम्पत्ति जग्गाजमीनको व्यवस्थापन गर्न प्राविधिक खटाई गुरूयोजना बनाई उचित व्यवस्थापन गर्ने भनी २०६६।१२।२ मा विद्यालय व्यवस्थापन समितिले गरेको निर्णय स्थगित गर्ने भनी निर्णय गरेको देखिन्छ । उक्त निर्णय एवं विद्यालय व्यवस्थापन समितिले पेश गरेको लिखित जवाफबाट विद्यालय व्यवस्थापन समितिले विद्यालयको भौतिक सम्पत्ति जग्गाजमीनको व्यवस्थापन गर्नेसम्म निर्णय गरेको तर बेचबिखन गर्ने, विद्यालय सार्नेसम्बन्धमा कुनै निर्णय गरे भएको देखिन नआएकोले सामुदायिक सरकारी विद्यालयको सम्पत्ति बेचबिखन गर्न निवेदकले दावी लिए झैं सहज र सरलरूपमा गर्न नसक्ने देखिएको र विद्यालय व्यवस्थापन समितिले विद्यालयको सम्पत्ति बेचबिखन गर्ने निर्णय गरेको नदेखिएको स्थितिमा निवेदन दावी तथ्यमा आधारित र औचित्यपूर्ण मान्न नमिल्ने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल भदौ १ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६७-WO-०१४२, उत्प्रेषणयुक्त परमादेश, *दीपेन्द्र सिँह कार्की समेत वि. भीमदत्त नगरपालिका कार्यालय, कञ्चनपुर समेत*

मिति २०६६।१२।१३ मा भीमदत्त नगरपालिकाको वडा नं. १० को कार्यालयले सर्वदलीय बैठक गरी गरेको सिफारिशअनुसार मञ्जू बोहोरा सहयोगी कार्यकर्तामा नियुक्त भै मिति २०६७।१।२ देखि कक्षा सञ्चालनमा सहभागी भएकोमा यी रिट निवेदकहरू ती सम्पूर्ण कार्यहरू बदर गरिपाऊँ भनी मिति २०६७।५।६ मा मात्र यस अदालतमा रिट निवेदन लिई आएको देखिन्छ । यति विलम्ब गरी रिट निवेदन गर्नुपर्नाको मुनासिब माफिकको विश्वासिलो कारण समेत निवेदकले देखाउन सकेको छैन । आफैलाई परेको मर्का तथा आफ्नो कानूनी एवं संवैधानिक हक हनन् भएको स्थितिमा यथोचित् समयमा कानूनबमोजिमको निकायमा उजूर लिई जानुपर्ने हुन्छ । समयमा उपचार खोज्न नआउने व्यक्तिलाई अदालतले सहयोग गर्न सक्तैन । यसमा रिट निवेदकहरू यथासमयमा अदालत प्रवेश नगरेको र त्यसरी विलम्ब हुनुको कारण खुल्न नआएको स्थितिमा प्रस्तुत रिट निवेदन विलम्ब गरी आएबाट समेत खारेजयोग्य हुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल भदौ १ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६७-WO-०५३७, परमादेश, *गोविन्द आचार्य समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

दावीको जग्गामा नेपाल नेत्रहीन संघले तत्कालीन श्री ५ को सरकार (मन्त्रिस्तर) को मिति २०६०।८।१८ को निर्णयबाट भोगाधिकार प्राप्त गरेको देखिँदा उक्त संघलाई पनि आफूले प्राप्त गरेको सो जग्गाको उद्देश्यअनुरूप सदुपयोग गर्ने दायित्व देखिन आउँछ । उक्त संघ तथा रिट निवेदकहरूले सो जग्गा संरक्षण गर्न २०६६।८।३० समेतमा पटक-पटक निवेदन दिएको र यसै क्रममा समाज कल्याण परिषद्द्वारा नेपाल नेत्रहीन संघको नेपाल सरकारद्वारा प्राप्त जमीन उपभोगसम्बन्धी छानबीन गर्न समिति गठन गरेको र सो समितिले स्थलगत छानबीन गरी सो जग्गामा स्थानीयबाट अतिक्रमण भएको देखिएको भनी संरक्षण गर्न सुझावसहित प्रतिवेदन पेश गरेको देखिन्छ । यस स्थितिमा सो प्रतिवेदनको प्रकरण ७ मा दिएका सुझाव समेतलाई ध्यानमा राखी नेपाल नेत्रहीन संघलाई नेपाल सरकारले भोगाधिकार दिएको सरकारी जग्गाको संरक्षण हुन नितान्त आवश्यक देखिएको र सो कार्य विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट हुनुपर्ने देखिँदा संस्था दर्ता ऐन, २०३४ को दफा ६(१) र ११ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५, दफा ९(६क) र दफा १०क ले तोकेको कानूनी व्यवस्थाअनुसार आफूलाई तोकेको कर्तव्य र दायित्व पूरा गरी नेपाल नेत्रहीन संघलाई भोगाधिकार दिएको नेपाल सरकारको नाममा रहेको काठमाडौं महानगरपालिका वडा नं. ४ सिट नं. १०२७-१२, कि.नं. २८६ को क्षेत्रफल ०-५-

०-३ र ऐ. कि.नं. २१३ को क्षेत्रफल ०-१५-१-३ समेत जम्मा १-४-२-२ जग्गाको संरक्षण गर्नु र नेत्रहीन संघलाई भोग गर्न गराउनका लागि आवश्यक शान्ति सुरक्षा कायम गर्न त्यस जग्गाको केही भू-भागमा गणेश मन्दिर समेत बनिसकेको परिप्रेक्ष्यमा स्थानीय व्यक्तिहरूसँग आवश्यक समझदारी समेत कायम गराई दिने दायित्व समेत पूरा गर्नु, गराउनू भनी नेपाल सरकार, गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालय, काठमाडौंका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल भदौ १ गते रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६७-w०-०८६३, परमादेश, चरिबहादुर गहतराज समेत वि. मन्त्रिपरिषद, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत

धार्मिक कार्यमा आमजनसाधारण संलग्न हुने हुँदा सार्वजनिक शान्ति र सुव्यवस्था कायम राख्ने सम्बन्धमा राज्यको जिम्मेवारी अपरिहार्य हुन जान्छ । त्यसैले धर्म र धार्मिक गतिविधिहरूमा राज्यले पूर्णरुपले अहस्तक्षेप वा तटस्थताको नीति अवलम्बन गरे पनि धार्मिक स्थलको संरक्षण सम्बर्द्धन र शान्ति सुरक्षाको दायित्व निर्वाह गर्न भने अपरिहार्य देखिन्छ । सरकारले मुलुकमा प्रचलित सबै धर्महरूको बीचमा समान दूरी कायम गर्ने सिद्धान्त नै समदूरिताको सिद्धान्त हो । धार्मिक मामिलाबाहेक राज्यमा बस्ने प्रत्येक समुदायको संस्कृति संरक्षण गर्ने सन्दर्भमा राज्यले सकारात्मक भूमिका खेल्नुपर्ने भएकोले त्यस्तो प्रश्नमा समदूरिताको नीति सान्दर्भिक हुन सक्छ । सरकारले शान्ति सुरक्षाको मामिलामा प्रत्येक समुदायको धार्मिक र सांस्कृतिक अधिकारको संरक्षणका लागि सक्रिय भूमिका खेल्नुपर्ने अवस्था आउन सक्ने ।

धर्मनिरपेक्ष मुलुक भए पनि इतिहास, संस्कृति, परम्परा र धार्मिक संस्कारलाई पशुपति क्षेत्र विकास कोषका रुपमा संगठित संस्थाको माध्यमबाट सुसञ्चालन प्रबन्धन र व्यवस्थापन गरेको छ जो धार्मिक निरपेक्षता प्रतिकूल छैन । धर्मनिरपेक्षता भनेको राज्यको धर्ममा अहस्तक्षेपकारी भूमिका कायम राख्दै राज्यमा बस्ने विभिन्न धर्मावलम्बीहरूको धर्मलाई समान रुपले सम्मान दिनुपर्छ भन्ने मान्यता मात्र हो । एउटा धार्मिक आस्थामा अर्को धर्मको अतिक्रमण रोक्नु धर्म निरपेक्षता नै हो धर्म सापेक्षता होइन ।

नागरिकहरूको स्वतन्त्रताको संरक्षणका निमित्त सुरक्षा उपलब्ध गराउन राज्यको काम हो । त्यसमा पनि मृत्यु संस्कार जस्तो अनिवार्य सामाजिक संस्कार अवलम्बन गर्ने व्यक्तिको हकलाई सुरक्षा दिनबाट राज्य पन्छिने हो भने संविधानद्वारा प्रदत्त धर्मसम्बन्धी हक सुरक्षित हुनसक्ने अवस्था हुँदैन । अल्पसंख्यक समुदायका व्यक्तिहरूले अवलम्बन गरिआएको धार्मिक संस्कारमा बहुसंख्यक धार्मिक समुदायका व्यक्तिहरूबाट अवरोध भई धार्मिक हक कुण्ठित हुने देखिएमा त्यस्ता व्यक्तिहरूको धार्मिक अधिकारको संरक्षण गर्ने एवं शान्ति सुरक्षा कायम गर्ने दायित्व राज्यको हुन्छ । अन्य धर्मलाई दखल पर्ने अवस्थामा, धार्मिक, ऐतिहासिक, पुरातात्विक एवं वातावरणीय महत्वका स्थानमा वा त्यस्तै अन्य कारणले वा शान्ति सुरक्षाका दृष्टिकोणले संवेदनशील स्थानमा बाहेक धार्मिक सम्प्रदाय वा व्यक्तिहरूले आफैँले व्यवस्था गरेको स्थानमा धार्मिक संस्कार सम्पन्न गर्ने कार्यमा शान्ति सुरक्षा दिनु सरकारको दायित्व हो ।

जातीय, देशीय र धार्मिक आधारमा समेत समाधिस्थलको व्यवस्थापन हुँदै आएको पाइन्छ । यसरी व्यक्ति विशेषले प्रवन्ध गर्नुपर्ने समाधिस्थल उपलब्ध गराउने जिम्मा राज्यले लिनु पर्दछ भन्नु न्यायोचित हुन सक्दैन । त्यसैले काठमाडौं उपत्यका र नेपालको प्रत्येक जिल्लामा चिहानका लागि जग्गा उपलब्ध गराई पाऊँ र काठमाडौं उपत्यकामा जग्गा उपलब्ध नगराइएसम्म पशुपतिक्षेत्रको वनजङ्गलमा लास गाड्ने प्रबन्ध गराई पाऊँ भन्ने निवेदक दावीलाई कानूनसंगत मान्न नसकिने ।

क्रिश्चियन धर्मावलम्वीहरूले व्यक्तिगत रुपमा भूधारण गरी चिहान व्यवस्थापन गर्दै आएअनुसार निवेदकहरूले पनि आफैले संस्थागत वा व्यक्तिगत रुपमा जग्गा खरीद गरी समाधिस्थल चिहान सञ्चालन व्यवस्थापन गर्न सकिने नै हुन्छ । व्यावहारिक दृष्टिकोणले हेर्दा पनि मुलुकभर प्रचलित सवै धर्म र सवै सम्प्रदायलाई उनीहरूले चाहेअनुसारको चिहान

निर्माण गर्न भूमिलगायतका सुविधा उपलब्ध गराउन राज्यको कर्तव्य हुन्छ भन्नु यथार्थपरक र कानूनसम्मत् हुने देखिँदैन । न त धर्मनिरपेक्ष राज्यको मर्मअनुसार त्यस्तो सुविधा प्रत्येक धर्म र सम्प्रदायलाई राज्यबाट उपलव्ध गराउन सम्भव नै देखिन्छ । यसरी प्रत्येक सम्प्रदायलाई समाधिस्थल वा चिहान उपलब्ध गराई दिनुपर्ने दायित्व धर्म निरपेक्षताको कसी होइन ।

पशुपति क्षेत्रअन्तर्गतको श्लेषमान्तक जंगलमा शबलाई समाधिस्थ गरिआएकोमा पशुपति क्षेत्र विकास कोषको मिति २०६७।९।१४ बाट निषेध गरिएको पृष्ठभूमिमा प्रस्तुत निवेदन दायर हुन आएको भएता पनि निवेदकको दावीमा पशुपतिक्षेत्रभित्रै त्यस्तो जग्गा उपलब्ध हुनुपर्ने दावी रहेको पाइदैन । अन्यत्र स्थानको बन्दोवस्त नभएसम्म मात्र पशुपतिक्षेत्रमै लास गाड्न पाउने माग दावी रहेकोबाट सो क्षेत्रमा परापूर्वदेखि परम्परागत रुपमा लास समाधिस्थ गर्ने कानूनी तथा संवैधानिक हकको माग वैकल्पिक जिकीरको रुपमा मात्र उठाइएकोबाट लिखित जवाफहरू र प्रत्यर्थीका कानून व्यवसायीहरूबाट बहसमा उठाइएको पशुपति क्षेत्रको धार्मिक स्वरुपलाई निवेदकले चुनौती दिएको मान्न सकिएन । साथै पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा ६ मा वर्णित उद्देश्यबाट पनि उक्त ऐनले सो क्षेत्रभित्रको जमीन क्रिश्चियन समुदायलाई समाधिस्थलको लागि उपलब्ध गराउने कुरा कानूनसम्मत् नदेखिने ।

राज्यले व्यक्तिको धार्मिक स्वतन्त्रताको संरक्षण गर्ने र प्रत्येक धर्म तथा सम्प्रदायका व्यक्तिहरूको संस्कारको संरक्षण गर्ने दायित्व महसूस गरी मुलुकमा शान्ति व्यवस्था कायम गर्ने राज्यको अहम भूमिकालाई आत्मसात् गर्दै मुलुकको परिवेश र क्षमताअनुसार सरकारले उपयुक्त प्रवन्ध गर्दै जानुपर्ने देखिन्छ । तर, निवेदकले माग गरेअनुसार संविधान एवं कानूनप्रदत्त अधिकारको सन्दर्भमा हेर्दा क्रिश्चियन, धर्मावलम्वीलगायत प्रत्येक धर्म र सम्प्रदायका व्यक्तिहरूको अन्तिम संस्कारका लागि समाधिस्थलका लागि जग्गा उपलब्ध गराई दिने संवैधानिक दायित्व वा कर्तव्य राज्यको नभई सो सम्प्रदायले वन्दोवस्त गरेको उपयुक्त स्थानमा अन्तिम संस्कारसम्बन्धी कार्य सम्पन्न गर्न गराउन शान्ति सुरक्षा प्रदान गराउने कार्य मात्र राज्यद्वारा गरिनु पर्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति संवत् २०६८ साल जेठ ११ गते रोज ४ शुभम्

## इजलास नं १०

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६४-CR-०५५३, कीर्ते, *नेपाल सरकार वि. सुरेन्द्र अधिकारी समेत*

ब्लुबुकमा सुरेन्द्रको नाम मिले पनि सोमा टाँसिएको फोटो सुरेन्द्रको नभएको र सोमा रहेको हस्ताक्षर पनि सुरेन्द्र अधिकारीको होइन भन्ने तथ्यमा विवाद रहेको देखिएन । उक्त फोटो यिनै प्रतिवादी सुरेन्द्रले टाँसेका हुन् वा ब्लुबुकमा कीर्ते गरी लेखिने कार्य यिनै प्रतिवादीबाट भएको हो भन्ने ठोस प्रमाण वादी पक्षबाट आउन सकेको देखिन आएन । आरोपित कसूरमा यी प्रतिवादी इन्कार रही बयान गरेको र सो बयानलाई यिनका साक्षीहरूले बकपत्र गरी समर्थन गरिदिएको देखिन्छ । अर्कोतर्फ वादीका साक्षी र अभियोगपत्रले समेत प्रतिवादीहरू कसूरदार रहेछन् भन्ने पुष्टि गर्ने भरपर्दो प्रमाण नदिएको र प्रतिवादी शोभाकान्त अधिकारीले अनुसन्धान अधिकारी र अदालतमा भएको बयान इन्कारी रहेको पाइन्छ । मोटरसाइकल यी प्रतिवादीबाट बरामद भएको पनि छैन । प्रतिवादी दुर्गाबहादुर खड्का र सुरेन्द्र अधिकारीलाई चिनजानसम्म गराएको देखिन्छ । मोटरसाइकल बेचेबापतको कमिशन खाएको प्रमाण पनि देखिएन । निजका साक्षीहरूको बकपत्रबाट समेत निजले कसूर गरेको रहेछन् भन्ने नदेखिँदा यी दुबै प्रतिवादीलाई कसूरदार ठहर गर्न मिल्ने पर्याप्त प्रमाण देखिएन । प्रतिवादी सन्दिप पराजुलीले बिक्री गरेको लु.२ प ७७३४ नं. को मोटरसाइकल माधव थापा मगर सुनवल-१, नवलपरासीको भएको मिसिल सामेल यातायात व्यवस्था कार्यालय, बुटवलको ब्लुबुकबाट देखिएकोले सो मोटरसाइकल प्रतिवादी सन्दिप पराजुलीले कीर्ते ब्लुबुक तयार गरी बिक्री गरेको देखिन आयो । प्रतिवादीहरू सुरेन्द्र अधिकारी र शोभाकान्त

अधिकारी मिसिल संलग्न भएको प्रमाणबाट अभियोग दावीबमोजिमको कसूरमा संलग्नता रहेको भनी मान्ने ठोस तथ्ययुक्त सबूद प्रमाणको अभाव रहेको देखिँदा प्रतिवादीहरू सुरेन्द्र अधिकारी र शोभाकान्त अधिकारीलाई अभियोग माग दावीबमोजिमको कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल मंसिर २५ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८ सालको WH-००४६, वन्दीप्रत्यक्षीकरण, *पदारथ राय वि. राजश्व अनुसन्धान विभाग, पूर्वाञ्चल इकाई कार्यालय, इटहरी समेत*

चेकजाँच गर्दा गाडीमा हुनुपर्ने आवश्यक कागजात देखिएन । २ दिनको अनुमति लिई बढी दिन नेपालमा गाडी राखिएको भेटिएको अवस्था रहेको छ । अनुमति प्राप्त गरेको भन्दा बढी दिन नेपालभित्र रहेकोले एउटा निश्चित् कानूनको दायराभित्र मुद्दाको स्वरूप उठान भई अनुसन्धान प्रारम्भ भएको, अनुसन्धानबाट संकलित तत्काल प्राप्त प्रमाणबाट दोषी देख्ने पर्याप्त प्रमाणका आधारमा मागबमोजिमको धरौटी राख्न आदेश भएको र सो धरौटी राख्न नसक्ने कागज निवेदकले गरेपश्चात् निजलाई थुनामा राखेको देखियो । प्रस्तुत विवादमा प्रज्ञापनपत्रको समयसीमा समाप्त भएको, निवेदकको गाडी बरामद भएको, आवश्यक कागजातहरू साधिकार निकायले पेश गर्न लगाउँदा निवेदकले उपलब्ध गराउन नसकेको कानूनबमोजिम नै प्रतिवेदन पेश भई राजश्व अनुसन्धान कार्यालयबाट धरौट माग भएको अवस्था देखिँदा निवेदकको थुनालाई गैरकानूनी थुना भन्न नमिल्ने ।

ढिलो न्याय दिनु न्याय नदिनु बराबर हो (Justice Delayed is Justice Denied) भन्ने न्यायको सर्वमान्य सिद्धान्तलाई आत्मसात् नगर्दा त्यसको परिणतिबाट व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुनपुग्दछ । मुद्दाको प्रकृति र थुनामा परेका व्यक्तिको वैयक्तिक स्वतन्त्रता समेतलाई विचार गर्दा यो आदेशप्राप्त भएका मितिले १ महिनाभित्र यस मुद्दामा सम्पूर्ण जे जो बुझ्नुपर्ने बुझी मुद्दाको किनारा गर्नु भनी राजश्व अनुसन्धान विभाग पूर्वाञ्चल इकाई कार्यालय, इटहरीका नाउँमा निर्देशात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल पुस २४ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री कमलनारायण दास,** ०६६-CR-०१०१, CR-०१९५, जीऊमास्ने बेच्ने, *नेपाल सरकार वि. रामबहादुर शाही, रामबहादुर शाही वि. नेपाल सरकार*

प्रतिवादीउपर किटानी जाहेरी दिने पीडित तुल्सी शाहीले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादी रामबहादुर शाहीले विवाह गरी भारतको मनाली भन्ने ठाउँमा लगी एक महिना जति डेरामा राखेर तत्पश्चात् भाउजूको घरमा राखी बजार घुम्न जाऔं भनी दुबैजनाले मलाई बजार हुँदै कुल्लु भन्नेस ठाउँमा लगेका, सोही समयमा भाउजूले दुई जना केटाहरूलाई होटलमा बोलाएको र सोही समय मेरो टाउको दुखेकोले ती केटाहरूसँग औषधि गर्न पठाएको, मलाई खान दिएको एउटा गोली खाएपछि आफू बेहोश भएकोमा धेरै पछि रेलमा होश आएको, ती केटाहरूसँग किन यहाँ ल्याएको भनी सोद्धा लोग्ने र भाउजू भन्नेले भा.रू. ५०,०००।- मा बिक्री गरिसके भन्दै भारतको सुरतमा एउटा कोठीमा लगेर राखेका हुन् भनी जाहेरी व्यहोरा तथा प्रतिवादीले अनुसन्धानको क्रममा गरेको साविती बयानलाई पुष्टि गर्ने गरी अदालतसमक्ष बकपत्र गरेको पाइन्छ । जीऊ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ७(२) मा दफा ६ को उपदफा (२) बमोजिम अदालतद्वारा प्रमाणित बयानमा उल्लिखित कुरा झूट्टा हो भन्ने प्रमाण अभियुक्तले पुऱ्याउनु पर्नेछ भन्ने कानूनी प्रावधान भएकोमा उक्त कानूनी प्रावधानअनुरूप पुनरावेदक प्रतिवादीले पीडित जाहेरवालीले आफूलाई पोल गर्नुपर्ने कारण वा रिसइवी खुलाउन सकेको समेत नदेखिँदा अभियोग दावीबाट सफाइ पाउन नसक्ने ।

अभियोगपत्रमा प्रतिवादी रामबहादुर शाहीउपर जीऊ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) बमोजिमको कसूरमा सोही

ऐनको दफा ८(१) बमोजिम मात्र सजायको माग दावी लिएको तर, सोही ऐनको दफा ८(५) अनुसार बिगोबमोजिम थप जरीवाना समेतको माग दावी लिएको देखिँदैन । अदालतबाट वादीबाट भाग भएको दावी विषयमा नै निर्णय हुने हो । वादीले दावी नै नलिएको विषयमा निर्णय गर्ने होइन । वादीले दफा ८(५) को दावी नलिएको अवस्था हुँदा वादीले अभियोगपत्रमा दावी नै नगरेको विषयमा अदालतले ठहर गर्न नमिल्ने ।

प्रतिवादी रामबहादुर शाहीलाई जीऊ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) बमोजिमको कसूरमा सोही ऐनको दफा ८(१) बमोजिम १५ वर्ष कैद गरेको हदसम्मको फैसला सदर हुने र निज प्रतिवादीलाई रू. ५०,०००।- जरीवाना गर्ने गरेको हदसम्मको फैसला उल्टी गरी जरीवाना नहुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल साउन १८ गते रोज ४ शुभम् ।

## रायबाझी फैसला

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५-CI-०५६७, ०५७०, मोही नामसारी, *रमेशकाजी यंगोल श्रेष्ठ वि. मोहनमाया व्यञ्जनकार समेत, सुरेशलाल अमात्य समेत वि. तुयुमै व्यञ्जनकार*

**मा.न्या.श्री रामकुमार प्रसाद शाहको रायः**

वादी तुयुमैकी आमा बम्हुनी भन्ने मोहनमायाको ल्याप्चेसँग फिल्डबुकको मोही महलमा लागेको सहीछाप मिलेको र जीवित प्रतिवादी मोहनमाया व्यञ्जनकारसँग नमिलेको देखिएकोले बमनी भन्ने मोहनमाया नै उक्त कि.नं. १५६ को मोही भनी ल्याप्चे लगाउने व्यक्ति हो भन्ने देखिन आएकोले निजलाई मोही ठहर गर्नुपर्ने ।

मोहीकी छोरी यी वादी तुयुमै अविवाहित रहेको भन्ने निजले २०४४ सालमा लिएको नागरिकताबाट देखिँदा तथा निज विवाहित हो भन्ने अन्य कुनै तथ्यपूर्ण, विवादरहित र निश्चयात्मक प्रमाण जग्गाधनीहरूले पेश गर्न सकेको नभई सो कुराको मौखिक जिकीरसम्म लिएकोले तथ्यपूर्ण प्रमाण र आधार बिना जग्गाधनीको सो जिकीर मान्न मिल्ने देखिँदैन । आफ्नो जिकीरलाई तथ्यपूर्ण एवं निश्चयात्मक प्रमाणबाट समर्थित गराउन नसकेको अवस्थामा निज वादी तुयुमै विवाहित रहेको भनी ठहऱ्याउन मिल्ने हुँदैन । यस्तो अवस्थामा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम मोही देखिएको निज बम्हुनी भन्ने मोहनमायाको मोहियानी हक निजकी छोरी यी तुयुमै व्यञ्जनकारको नाममा नामसारी हुने ।

**मा.न्या.श्री तर्कराज भट्टको रायः**

विशेषज्ञले प्रारम्भमा नै "वि.-१" को ल्याप्चेछाप सम्बन्धमा ल्याप्चेछापका रेखा गुणहरू प्रष्ट नभएकोले अन्य कुनै ल्याप्चे छापसँग तुलना गर्न सकिएन भनी व्यक्त गरेको र "वि-२" को सम्बन्धमा कुनै ल्याप्चेछाप नभएको हुनाले अन्यसँग तुलना गर्न सकिएन भनी निष्कर्ष निकालेको अवस्थामा विशेषज्ञको राय विवादास्पद र अस्पष्ट देखिन आउँछ । विशेषज्ञले दिएको राय प्रमाणमा ग्रहण गर्न राय प्रष्ट, तर्कसंगत र तथ्यसम्मत् हुनुपर्दछ । विशेषज्ञले दिएको राय आफैमा अस्पष्ट र विवादास्पद देखिएको अवस्थामा प्रमाणमा ग्रहण गर्न नमिल्ने ।

बम्हुनी भन्ने तुयुमै व्यञ्जनकारकी आमा प्रस्तुत मुद्दाको विवादित जग्गाको मोही हुन् भन्ने कुरा कुनै तथ्ययुक्त प्रमाणबाट देखिन, पुष्टि हुन नआएको र मोहनमाया ज्यापू, व्यञ्जनकार, बिन्दुकार भन्ने व्यक्ति एउटै हुन् भन्ने नगरपालिकाको सिफारिश समेतबाट समर्थन हुन आएको तथा मोहनमाया मोही भएको ४ नं. अस्थायी जोताहा निस्सा फिल्डबुक उतार समेतबाट पुष्टि भैरहेको देखिएको र दावीको कि.नं. १५६ को जग्गाको मोहनमाया व्यञ्जनकारले मोही हकको प्रमाणपत्र पाउने ।

माननीय न्यायाधीशज्यूको रायसँग सहमत हुन नसकिएकोले प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३(१) बमोजिम पूर्ण इजलासमा पेश गर्नु ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल साउन २७ गते रोज ६ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६५-CI-०५७१, ०५६९, मोही प्रमाणपत्र पाऊँ, *सुरेशलाल अमात्य समेत वि.मोहनमाया व्यञ्जनकार, रमेशकाजी यंगोल श्रेष्ठ वि.. मोहनमाया व्यञ्जनकार समेत*
- २०६५-CI-०५७२, ०५६८, मोही लगत कट्टा, *सुरेशलाल अमात्य समेत वि. मोहनमाया व्यञ्जनकार समेत, रमेशकाजी यंगोल श्रेष्ठ वि. मोहनमाया व्यञ्जनकार समेत*

## अन्तरिम आदेश

**स.प्र.न्या.श्री खिलराज रेग्मी,** रि.नं.०६८-WO-०६२७, उत्प्रेषण समेत, *ध्रुवनारायण श्रेष्ठ समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

यिनै रिट निवेदकले दिएको रिट नं. ५७६ को रिट नेपाल सरकारको मिति २०६८।९।१८ को निर्णय कार्यान्वयन नगर्नु र निवेदकहरूलाई यथास्थितिमा काम गर्न कुनै अवरोध सिर्जना नगर्नु भनी यस अदालतबाट मिति २०६८।९।२१ मा अन्तरिम आदेश जारी भइरहेको देखिँदा देखिँदै मिति २०६८।९।२० मा बोर्डको कार्यकारी समितिले कार्यकारी प्रमुख छनौट उपसमिति गठन गरी कार्य प्रारम्भ गर्न लागेको कार्य उक्त मिति २०६८।९।२१ को अन्तरिम आदेशको प्रतिकूल देखिँदा सो उप समितिबाट कुनै कार्य नगर्नू अघि नबढाउनू भनी विपक्षीका नाउँमा अन्तरिम आदेश जारी गरिएको छ। आदेशको सूचना विपक्षीलाई दिई नियमबमोजिम गर्नू।

इति संवत् २०६८ साल माघ ५ गते रोज ५ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०३२८, उत्प्रेषणयुक्त परमादेश, *धनमाया राई समेत वि. पदममाया राई समेत*

कित्ता नं. लिखत भन्दा फरक परे पनि लिखतमा लेखिएको कित्ता नम्बरकै जग्गाको हकमा दावी गरिएको अवस्थालाई दावी परिवर्तन गरेको नमानिने व्याख्या पूर्ण इजलासबाट भई *नेकाप* २०६७ असार, नि.नं.८३२८, मा प्रकाशित भइसकेकोबाट पुनरावेदन अदालत समेतको आदेशलाई कानूनी त्रुटियुक्त मान्न सकिएन। प्रमाण कागजको आधारमा दावीअनुसार फैसलाको परिणाममा तात्विक भिन्नता नहुने गरी सामान्य त्रुटि संशोधन गर्न सकिने नै हुन्छ। यस्तोमा फैसलाको तपसील खण्डमा भएको सामान्य त्रुटिबाट वादीले अदालतबाट जितिपाएको हक लोप हुन सक्ने अवस्था पनि आउनु हुँदैन। यसमा वादीले हुँदै नभएको तथ्य पेश गरेको आधारमा जिल्ला अदालतले सोही तथ्यलाई आधार मानी संशोधन आदेश गरेको भन्ने नभई वास्तविक तथ्य र प्रमाणका आधारमा तपसील खण्ड मात्र कानूनबमोजिम नै पूर्ण न्यायको रोहमा संशोधन गरेको देखिन्छ। फैसलाको तपसील खण्डमा कि.नं. ३५८ लेखिनुपर्नेमा कि.नं. ३८५ लेखिन गएकोमा सोलाई समेत संशोधन गरेबाट वादी दावीभन्दा बाहिर गएर संशोधन भएको रहेछ भन्न मिलेन यस्तोलाई टाइपको सामान्य त्रुटि मान्नुपर्ने हुन्छ। वास्तविक तथ्यका आधारमा फैसला कार्यान्वयनको चरणमा कानूनसम्मत् गरिएको संशोधनबाट निवेदकको कुनै हक अधिकार हनन् भएको देखिएन। ठीक यस्तै प्रश्न सन्निहित २०४७ सालको रिट नं. ८८५, रमेश गोर्खाली वि. भद्रबहादुर बोहोरा समेतको उत्प्रेषण मुद्दामा मिति २०५१।४।१२ मा नजीर समेत संस्थापित भएको देखिएबाट कि.नं. फरक पर्दैमा अन्य विवरण मिले फैसला कार्यान्वयन हुने।

इजलास अधिकृत: अशोककुमार बस्नेत

कम्प्युटर: शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल कात्तिक ३ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०३२९, उत्प्रेषणयुक्त परमादेश, *रामेश्वरप्रसाद कोइरी वि. रामचन्द्र राय यादव समेत*

लिलाम हुँदाका अवस्थामा सरकारी निकायका प्रतिनिधिको उपस्थिति नभएको कारणले मात्र लिलामको कारवाही रोकिन नसक्ने भनी जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(६) मा स्पष्ट कानूनी

व्यवस्था रहेको स्थितिमा मिति २०६७।९।९ गते भएको डाँक लिलाम मुचुल्कामा च.नं. १४६७ मिति २०६७।८।१७ गतेको पत्र बुझ्की कोष तथा लेखा नियन्त्रक कार्यालय तथा कलैया नगरपालिका उपस्थित भएको नपनाइनुले मात्र डाँक लिलाम मुचुल्का अवैध रहेछ भन्ने देखिएन। यसबाट अदालतबाट रीतपूर्वक गरिएको मुचुल्काबाट निवेदकको कुनै हक हनन् भएको पनि पाइएन। रिट निवेदकको नै निवेदनसाथ प्रस्तुत गरेका कागजात प्रतिलिपिबाट उपरोक्त तथ्य देखिएबाट उक्त लिलामी कारवाही गैरकानूनी भन्न नमिल्ने।

फैसलाको सार कार्यान्वयनमा रहेको हुन्छ। यी रिट निवेदकले लिए खाएको रकम उठाउन विपक्षी रामचन्द्र रायले लामो समयसम्म मुद्दा नै खेपिरहेको देखिन्छ। यसरी आफै,ले खाएको ऋण पनि सयममा नतिर्नु, साहूले मुद्दा गरी रकम भराई पाउने ठहर भए लगत्तै ऋण उठाउने आधारको अचल पनि बिक्री गरिदिई झण्डै सात वर्षसम्म मुद्दामा कुदिरहन बाध्य तुल्याउने जस्ता यी रिट निवेदकको कार्य साहूलाई दु:ख दिने किसिमको मात्र नभएर आर्थिक एवं मानसिकरूपमा प्रताडित बनाउने किसिमको पनि देखिन आयो। यी निवेदक विपक्षी साहूले ऋण लिएको देखिका कुनै पनि कामकारवाहीमा अनभिज्ञ रहेका देखिँदैनन् उपरोक्त तथ्यबाट यी रिट निवेदकले सफा हात लिई यो रिट निवेदन दायर गर्न आएको समेत देखिएन। यसरी कानूनका रौंचिरा पक्षलाई समातेर अदालतबाट भएको अन्तिम फैसला कार्यान्वयनमा ढिलाई एवं अड्चन पुऱ्याउने यस्ता कार्यलाई अदालतले प्रश्रय दिई सहयोग नगर्ने।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल कात्तिक ३ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको रि.नं.WO-१२३४, उत्प्रेषण समेत, *रामनारायण महतो सुडी वि. पुनरावेदन अदालत, जनकपुर समेत*

अदालतको फैसलाको जानकारी प्राप्त भएको तर मिसिल संलग्न कागज प्रतिलिपि आफूले प्राप्त गर्न नसकेको भन्ने जिकीर रहेकोमा आफूलाई आवश्यक कागज प्रमाण पक्ष स्वयंले कानूनी प्रक्रिया पुऱ्याई लिनुपर्ने हुन्छ, त्यस्तो नक्कल कागज पक्षलाई आवश्यक भए नभएको पक्षले विचार गर्नुपर्ने कुरा भएकोले त्यस्तो विषयमा अदालतको दायित्व रहेको भन्न मिल्ने भएन। अदालतमा कानूनी दायित्व नरहेको कुरामा नक्कल ढिलो उपलब्ध गराएको कारणबाट निवेदकले जिकीर लिए झैं पुनरावेदन गर्ने म्याद बढ्न सक्ने होइन। पुनरावेदकको म्याद प्राप्त भएर पनि समयमा पुनरावेदन गर्न नसकेको भन्ने आधारले म्याद बदर गरी पुनः पुनरावेदनको म्याद दिनुपर्ने भन्ने निवेदकको भनाई कानून प्रतिकूल देखिने।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः भवानी ढुङ्गाना

इति संवत् २०६८ साल असार २९ गते रोज ४ शुभम्।

- **हामी सर्वोच्च अदालतबाट भएका सबै निर्णयहरू यस बुलेटिनमा प्रकाशित गर्दछौं।**
- **सम्बन्धित इजलास अधिकृतबाट सबै निर्णयका सबै प्रतिलिपिहरू प्राप्त हुन्छन् भन्ने हामी विश्वास गर्दछौं।**
- **यहाँ प्रकाशित निर्णयहरू केवल सूचना सम्प्रेषण गर्ने प्रयोजनका लागि हुन्। यिनको रीतपूर्वक नक्कल लिन सकिन्छ।**
- **यहाँहरूको जानकारीमा भएका प्रकाशन योग्य महत्वपूर्ण फैसलाहरू *नेकाप*मा प्रकाशित हुन छूटेका छन् भने त्यस्ता फैसलाहरूको प्रतिलिपि सम्पादन शाखामा उपलब्ध गराई दिनु भएमा प्रकाशन गर्नेछौ।**